राष्ट्रिय 'क' वर्गमा वर्गीकृत

राष्ट्रिय दैनिक

# बुटवल टुडे


साझा विचार, ताजा समाचार

वर्ष १३ | अंक २७८ | बुधबार | १४ साउन २०८२ | Wednesday 30 July 2025 | पृष्ठ: ४ | मूल्य: ६ रूपैया



रूपन्देहीको तिलोत्तमा ड्राईभरटोलमा रहेको एसआर होटलमा ग्राहकलाई मोही दिँदै कर्मचारी।




# सरकारी कार्यालय को झूटो को साँचो ?

**राधेश्याम विश्वकर्मा**
भैरहवा, १३ साउन।

जिल्लामा सिञ्चित क्षेत्रको तथ्याङ्क र वास्तविक अवस्थाबीच भिन्नता देखिएको छ। सरकारी तथ्याङ्कमा जिल्लाको ठूलो हिस्सा सिञ्चित भनिए पनि किसानहरूले खेतमा पानी नपाउँदा निराशा व्यक्त गरेका छन्। आकाशे पानीकै भर परेका रूपन्देहीका किसानहरूका लागि लामो समयदेखि वर्षा हुन नसक्दा चिन्ता थपिदिएको छ।

रूपन्देहीमा भूमिगत जलको प्रयोग गरि जेनतेन रोपाइँ गरेका किसानहरूका लागि अहिले रोपाइँलाई जोगाउनै ठूलो चुनौति देखिएको छ। खेतमा चिरा पर्न थालेको छ भने रोएिका धानका कलिला बीउहरू सुक्न थालेका छन्। अझै केही दिन वर्षा नभए कृषि उत्पादनमा नकारात्मक असर पर्ने भन्दै किसानहरूको चिन्ता झनै बढाएको छ।

रूपन्देहीमा अहिले जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय, भैरहवा लुम्बिनी भूमिगत जल सिंचाई ब्यवस्थापन डिभिजन (हाल भूमिगत जल सिंचाई आयोजना), भूमिगत जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय लगायतले सिंचाई सम्बन्धी काम गर्ने सरकारी कार्यालयहरू छन्। यस बाहेक प्रत्येक स्थानीय तहका कृषि शाखाले पनि सिंचाईको लागि काम गरिरहेको आ-आफ्नै दाबी छ। यी कार्यालयहरूको तथ्याङ्कअनुसार रूपन्देहीको करिब ९० प्रतिशत कृषियोग्य भूमि सिञ्चित क्षेत्र भित्र पर्छ। पर्याप्त सिँचाइ सुबिधा पुगेको दाबी गरिए पनि यसवर्षको खडेरीले यो दाबीलाई झूटो सावित गरिदिएको छ।




२ दशक बढि समय र २ अर्ब ३४ करोड ९५ लाख ३३ हजार रूपैयाँको लागतमा सम्पन्न भएको भैरहवा लुम्बिनी भूमिगत जल (भैलुभज) परियोजना अहिले अलपत्र अवस्थामा रहेको छ। रूपन्देहीको बिकास निर्माणमा र सिंचाईमा समेत महत्त्वपूर्ण भूमिका खेलेको परियोजना पछिल्लो समय सम्बन्धित कार्यालय र स्थानीय तहहरू बीच समन्वय हुन नसक्दा अलपत्र परेको छ।

समयमा मर्मत नगरिँदा भूमिगत सिँचाइ परियोजनाका धैरै नलकुप बन्द भएका छन्। ४० हजार हेक्टर जग्गा सिंचाई गर्ने लक्ष्य सहित विश्व बैंकले निर्माण गरिदिएको भैरहवा लुम्बिनी भूमिगत जल परियोजनाले हाल १० हजार हेक्टर जमिनमा पनि सिँचाइ गर्न सकिन्न।



**रुपन्देहीमा ६० प्रतिशत अर्थात् ३४ हजार ७९३ हेक्टरमा आंशिक रुपमा मात्र सिंचाई पुगेको छ।**

**- शिव प्रसाद अर्याल**
कृषि प्रसार निर्देशक
कृषि ज्ञान केन्द्र, रुपन्देही।

परियोजनाका १ सय ६९ बोरिङमध्ये ५० भन्दा बढी पूर्ण रूपमा बन्द छन। थप केहीको क्षमता पनि निकै खस्केको छ। अधिकांश उपभोक्ता समितिले विद्युत् महसुल नतिर्दा, उपकरण र नहर जीर्ण हुँदा बोरिङ बन्द भएका छन्। बढ्दो शहरी करण, सिंचाईका बैकल्पिक ब्यवस्था र बिद्युत शुल्कको कारण यी नलकुप बन्द भएको सरोकारवालाको भनाइ छ।

भैरहवा लुम्बिनी भूमिगत जल सिंचाई ब्यवस्थापन कार्यालय भैरहवाका सूचना अधिकारी मोहन कुमार नेपालका अनुसार १ सय ६९ वटा बोरिङ्ग मध्ये ५० वटा बोरिङ्गहरू बन्द रहेका छन्। बन्द हुने कारण यी मध्ये प्रायः सबैको बिद्युत शुल्क बक्यौता रहनु नै हो। उपभोक्ताले पानी प्रयोग गरि पानीको शुल्क नतिर्ने, मंहगो विद्युत शुल्कको कारणले बन्द भएको प्रायः नलकुपहरूले शुल्क बुझाउन सकेका छैनन्।

सिंचाई सम्बन्धी काम हेर्ने संघीय सरकार अन्तर्गतकै अर्को कार्यालय जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय हो। कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार आर्थिक वर्ष २०८१/०८२ को पुस मसान्त सम्म जिल्लामा २२ हजार २४९ हेक्टर क्षेत्रफल यस कार्यालय मार्फत सिंचित छन्। यसमा कूलोबाट ६ हजार ६८, नहरबाट १५ हजार ७६९, पोखरीबाट ३१२ र अन्य श्रोतबाट १ सय हेक्टर सिंचित रहेको कार्यालयको तथ्यांक रहेको छ।

सिंचाई सम्बन्धी नै हेर्ने भूमिगत जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय पनि छ। यो प्रदेश मातहतको कार्यालय हो। कार्यालयका वरिष्ठ ईन्जिनियर राजु अर्यालका अनुसार यस कार्यालयबाट रूपन्देहीमा १६ हजार ५५३ हेक्टर जग्गा सिंचित रहेको छ। जिल्लाका यी ठूला आयोजनाहरूको तथ्यांकलाई केलाउँदा स्थानीय तहहरूको समेत गरि जिल्लामा सत प्रतिशत सिंचित क्षेत्र हुनुपर्ने हो र यहाँ पानीको कुनै समस्या हुन नपर्ने हो। तर रूपन्देहीमा ४० प्रतिशत क्षेत्रफल मात्र पूर्ण रूपमा सिंचित रहेको पाइएको छ।

(बाँकी पृष्ठ २ मा)

# करले थिचिँदा ताला लाग्दै साना उद्योग

**प्रकाश नेपाल**
पाल्पा, १३ साउन।

कुनै समय कुटिर उद्योगका रूपमा ख्याती कमाएको जिल्लामा यतिखेर भएका उद्योग बन्द गर्ने अभियान नै चल्दैछ। अर्थतन्त्र चलायमान हुन नसक्नु, कर प्रणालीमा सरकारको स्पष्ट नीति हुन नसक्नु जस्ता कारणले गर्दा, उद्योगहरू कानुनी रूपले बन्द भएका हुन्। मुलुकमा संघीय शासन व्यवस्था अनुरूपका शासन व्यवस्था संचालन गर्ने तीन तहका सरकार अनुरुप कर प्रणाली लागू भएका कारण उद्योग मारमा परेका हुन। घरेलु तथा कुटिर उद्योग संचालन मात्र भएको यस जिल्लामा फर्निचर बेकरिज, उद्योग संगै तामा, फलाम उद्योग र पछिल्लो समयमा तानसेनमा दुई रामपुरमा पानी प्रशोधन गर्ने उद्योग संचालनमा आएका छन्।

लामो समयमा टक्सार टोलमा काँसद्वारा निर्मीत करुवा उद्योग संचालन गरेका पुराना व्यवसायी मगंल प्रसाद बज्राचार्य भन्दछन्-'हातले बनाउने करुवा मेसिनले बनाउँदा कम लागतमा उत्पादन भयो। मेसिन संग हातको प्रतिस्पर्धा हुन छाड्यो। त्यसैमाथि करको भरले च्याप्दा दर्जन भन्दा बढी उद्यमीले उद्योग सदाका लागि छाडे।' करुवाले विदेशमा समेत नाम कमाउन सफल भयो। यद्योगीका लागि कच्चा पद्धार्थको समस्या छँदैछ। त्यस माथि करको भर। सरकार अनुरूप कर प्रणाली भएका कारण उद्योगीहरू मर्कामा परेको उनले बताए। फलामका कृषि औजार, तामाका भाडावर्तनले समेत राम्रो पहिचान बनाएको हो। पछिल्लो समयमा हातले बनाउँदा एउटा राम्रो पहिचान बनाएको थियो। यहाँका सामग्री कहाँ पुगेन भन्ने थियो। त्यतिबेला घरेलु कार्यालयमा मात्र उद्योग दर्ता गरेर हुन्थ्यो। जब संघीय संरचना बन्यो तब करको भारी थपियो। प्रविधिका कारण मेसिनको बिकास भयो। कम लागतमा कृषि औजारदेखि भाडावर्तन तयार भयो। मेसिन संग प्रतिस्प्रर्धा चलेका बखतमा कर बढ्यो। स्थानीय सरकारको करका कारण व्यवसायबाट पलायन हुने अवस्था भएको वगनासकाली गाउँपालिकाको टेक्रेका डिल बहादुर विश्वकर्मा बताउँछन्।





घरेलु तथा साना उद्योग कार्यालयका अनुसार कर प्रणालीका कारण उद्योग बन्द गर्ने क्रम बढेको छ। पहिलेको क्रममा पाल्पा खस्कने क्रम बढेको छ। एउटा व्यापारिक फर्मले चार ठाउँमा कर बुझाउनु पर्दछ। व्यवसाय दर्ता भनेर स्थानीय सरकार, प्रदेश तहको घरेलु तथा साना उद्योगको कार्यालय, संघीय सरकारको कर कार्यालय, वाणिज्य कार्यालयसम्म पुग्नु पर्दछ। कर बुझाउने प्रकृया झन्झटिलो भएको तानसेन नगर सरकारका राजश्व शाखाका मधु सुधन घर्ती बताउँछन्। करको सवालमा एकद्वार नीति हुनु पर्ने उनको भनाइ रहको छ।

(बाँकी पृष्ठ २ मा)

# अर्घाखाँचीमा बढ्यो मासु र दूधको उत्पादन

**घनश्याम पौडेल**
अर्घाखाँची, १३ साउन।

अर्घाखाँची जिल्लामा मासु र दूध उत्पादनमा वृद्धि भएको छ। जिल्लाको कुल १ लाख ७७ हजार जनसंख्या मध्ये १ लाख ४० हजार कृषिमा आश्रित जनसंख्या छन्। भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अर्घाखाँचीका अनुसार ४५ हजार १९ कृषक परिवार संख्या रहेका छन्। आ.व. २०७५/०७६ मा ३१ हजार ८९८ लिटर मेट्रिक टन दुध उत्पादन भएकोमा ६ वर्षपछि अर्थात आ.व. २०८१/०८ मा



३६११५ लिटर मेट्रिक टन दूध उत्पादन हुन लागेको छ। ६ वर्षमा अर्घाखाँची जिल्लामा मात्रै दुध उत्पादन १३.२२ प्रतिशतले बढी उत्पादन भएको भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख विष्णु पौडेलले जानकारी दिए।

जिल्लामा ६ वर्षको तुलनामा मासु उत्पादन पनि बढ्दै गएको छ। ६ वर्ष अगाडि २९२७ किलो मेट्रिक टन मासु उत्पादन भएकोमा गतवर्ष ३७७३.२५ किलो मेट्रिकटन मासु उत्पादन भएको विज्ञ केन्द्रको तथ्यांक रहेको छ।

(बाँकी पृष्ठ २ मा)



## सम्पादकीय

# सुख्खा क्षेत्र घोषणामात्रै गर्ने कि राहत दिने ?

मधेशमा यो बर्ष पानी नपरेका कारण प्रदेश सरकारले मधेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको छ। संघीय सरकारले पनि मधेश प्रदेशलाई संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। संघीय र प्रदेश सरकारले सुक्खाग्रस्त र संकटग्रस्त क्षेत्र घोषणामात्रै गरेका छन, किसानलाई अहिलेसम्म कुनै राहत प्याकेज घोषणा गरिएको छैन। प्रदेश सरकारले सुक्खाग्रस्त क्षेत्रका किसानका लागि अहिलेसम्म नतिजामुखी काम केही गर्न सकेको छैन्। संकटग्रस्त क्षेत्र घोषणा गरेको संघीय सरकारले दुईवटा अध्ययन टोली परिचालन गर्नेबाहेक अरू काम गर्न नसक्दा जनतामा असन्तुष्टी बढेको छ। संघीय र प्रदेश सरकारले औपचारिकता पूरा गर्न घोषणा गरेका हुन भने त्यो अर्कै कुरा तर मधेशका किसानको समस्या सम्बोधनको लागि गरिएको हो भने राहतमा किन ढिलाई ? मधेशलाई अन्नको भण्डार भनिन्छ। तर, मधेश यो बर्ष सुक्खा हुँदा त्यसको असर मधेशका किसानलाई मात्रै पर्दैन, त्यसले राष्ट्रिय आम्दानीमा समेत प्रभाव पर्नेछ। मधेशमा अहिले खडेरी चर्किंदै गएको छ। प्रदेश कृषि विकास निर्देशनालयका अनुसार मधेश प्रदेशमा जम्मा ६० प्रतिशत खेतमा मात्र धान धान रोपाइँ भएको छ। तर रोपिएको धान जल्न थालेको छ। खेतमा धुलो उडेको अवस्था छ। जेनतेन सिंचाइको जोहो गरेर रोपिएको खेत चिरा परेका छन् भने ब्याडमा राखिएको बिउ सुक्न थालेको छ। मधेशका आठवटै जिल्लामा यो समस्या उस्तै छ। किसानहरू धान रोप्न नसक्दा जिविकोपार्जनको मुख्य स्रोत नै गुम्ने त्रासमा हुँदा सरकारका तर्फबाट आश्वासनबाहेक राहतको खासै योजना नआउनु चिन्ताको कुरा हो।

मधेशमा पानीको संकट निम्तिएपछि मधेश सरकारले २६ असारमा मधेश प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुसार प्रदेश सरकारको सिफारिसमा संघ सरकारले संकटग्रस्त क्षेत्र घोषणा गर्ने व्यवस्था छ। सुक्खाग्रस्त क्षेत्र घोषणामात्रै गर्ने हो भने किसानलाई आश्वासनको पोका बाँडने काम गरिनु हुँदैन्थ्यो। किसानहरू संघीय र प्रदेश सरकारले ठूलो राहत दिने कुरामा आशा र विश्वास गरेर बसेका छन्। उता प्रधानमन्त्री केपी शर्मा ओलीले मधेशको सुख्खाग्रस्त क्षेत्रको भ्रमण गरि ५०० डीप बोरिङ राख्ने कार्यक्रमको घोषणा गरेका छन्। तर, डिप बोरिङबाट पानी आउनै छोडेको छ। सतह मुनीको पानी समेत सुकेको अवस्था छ। यसले कालान्तरमा ठूलो प्राकृतिक विपत्ति निम्त्याउने खतरा छ। यसतर्फ सम्बन्धित निकायको समयमै ध्यान जाओस्। सुख्खाग्रस्त क्षेत्र घोषणासँगै तत्काल राहत प्याकेज ल्याइनुपर्ने मधेशका किसानको माग छ। रित्तो घोषणाले किसानहरूको समस्या समाधान नहुने निश्चित छ। यसका लागि तीनै तहको सरकारबीच समन्वय र सहकार्यको खाँचो छ तर तीन तहका सरकारले यो विषयमा अहिलेसम्म छलफल समेत गरेका छैनन। यो लापरवाहीको हद हो। मधेशमा अहिले खेतीपातीको कुरामात्रै होइन, दैनिक जीवनका लागि पनि खानेपानीको संकट बढ्दो छ। इनार, कुवा र चापाकल जस्ता मुख्य पानीका स्रोत सुक्दै गएका छन्। खानेपानीको स्रोत हराउँदै जाँदा अब जीवनयापन कसरी गर्ने भन्ने गम्भीर चिन्ता सबैलाई लागेको छ। विद्युतीय मोटरबाट सिंचाइ गर्दा करेन्ट लागेर दिनहुँ किसानहरूले जीवन गुमाउनु परेको पीडा छ। मधेशमा यो समस्या आउँछ भन्ने कुरा नेपालका प्रथम राष्ट्रपति डा. रामबरण यादवले १४ वर्षअघि चेतावनी दिएका थिए तर सरकारले पूर्व राष्ट्रपतिको कुरा सुनुवाई गरेन, अहिले अवस्था गंभीर बनेको छ। अवको दिनमा मधेशमा खानेपानीको संकट तत्काल टार्न सकिएला तर खडेरीको सामना कसरी गर्ने भन्ने कुरा महत्वपूर्ण र चुनौतिपूर्ण छ। सुख्खा संकट बढ्न थालेपछि खेतीका तौर तरिकाहरू परिवर्तनहरू गर्नुपर्ने कृषि मन्त्रालयको सुझाव छ। यो सुझाव पछि काम लाग्ला, अहिलेको मूल प्रश्न मधेशका किसानलाई सुक्खाबाट राहत कसरी दिने भन्ने हो। यसतर्फ राज्यका तिनै तहका सरकारले गंभीरढंगले सोच्नु जरुरी भैसकेको छ।

# राजा भर्तृहरिको वैराग्य र वर्तमान समाज



श्याम खनाल

संस्कृत भाषा विश्वका भाषाहरूमा सबैभन्दा प्राचीन र सुसंस्कृत मानिन्छ। हाम्रा पौरस्त्य जगत्का व्याकरण, साहित्य, तन्त्र, ज्योतिष, आयुर्वेद आदि विभिन्न विषयहरू संस्कृत भाषामैं लेखिएका छन्। त्यसैले त यी विषयहरू जान्नका लागि संस्कृत भाषाको अनिवार्य रूपमा ज्ञान हुनु आवश्यक मानिन्छ। संस्कृत भाषामा लेखिएका यी विभिन्न विषयहरूमध्ये साहित्य विषय अति विशाल, अनुपम, रसिलो र महत्वपूर्ण छ। यसो हुनुमा यसमा प्रयोग भएका रीति, वक्रोक्ति, अलङ्कार, छन्द आदिको अनुपम प्रयोग हो। त्यसैले संस्कृत साहित्यमा प्रकट भएका ज्ञान, वैराग्य आदिका जुनसुकै प्रसङ्ग पनि अति सुरम्य र सुललित छन्। संस्कृत साहित्यको लोकप्रियतामा कालिदास, वामन, भर्तृहरि, मम्मट, भरत आदि विभिन्न आचार्यहरूको महत्वपूर्ण योगदान रहेको छ। यहाँ तिनै आचार्यहरूमध्ये कवि राजा भर्तृहरि जसले आफ्नो जीवनमा पाएको वैराग्य र वर्तमान समाजलाई छुन नसकेको वैराग्यका बारेमा केही चर्चा गर्न खोजिएको छ।

राजा भर्तृहरिको समयका बारेमा खासै निष्कर्ष नभएतापनि धेरै विद्वान्हरूको मत साउनको समय वैक्रमाब्दको लगभग आठौँ शताब्दीतिर भन्ने मानिएको छ। उनी राजा मात्र नभएर संस्कृत साहित्य क्षेत्रका ठूला विद्वान् पनि थिए भन्ने कुरा त माथि पनि उल्लेख गरिसकियो। जीवनमा उनले लेखेको प्रसिद्ध पुस्तक भर्तृहरि शतकत्रयम् हो। यस पुस्तकमा उनले नीति, श्रृङ्गार र वैराग्यसम्बन्धि सय सयवटा श्लोकहरूको रचना गरेका छन्। नीतिमा चाहिँ सयभन्दा नौवटा बढी श्लोकहरू रहेका छन्। पहिलो खण्ड नीति शतकमा भएका नीति नियमका विषयहरू नैतिक शिक्षाको ह्रास भइरहेको वर्तमान समाजमा अत्यन्तै उपयोगी देखिन्छन्। जान्नपर्ने विषय केहीपनि नजानेका तर अरूका बलले घोकाइ र रटाइका माध्यमले कतै झुण्डिन पुगी भुइँ न भाँडामा भएका हामीहरूलाई यस नीति भागका माध्यमले गहिरो गरी उपदेश दिएका छन्। उनले भन्दछन् -"जब मैले अलिकतिमात्र जानेको थिएँ, त्यसबेला म मदोन्मत्त हात्ती जस्तो रहेको थिएँ। त्यतिखेर मैले आफुले जस्तो जानेको कोही छैन भन्दै टाउको हल्लाएर मात्र हिँड्थेँ। तर जब म विद्वान्हरूका सङ्गतले अलिअलि जान्ने भएँ त बल्ल म त मूर्ख पो रहेछु भन्ने जानेर ममा भएको त्यो तातो ग्याँस हट्न पुग्यो"। त्यस्तै उनले यहाँ सबैको औषधी रहेको तर मूर्खको संसारमा औषधी नै नरहेको विषयलाई पनि विभिन्न उपमाका माध्यमले स्पष्ट बनाएका छन्। विद्या, सत्सङ्ग, दान, सेवा, सत्यनिष्ठता आदिको महिमा गान गाउँदै दुर्जन व्यक्तिबाट सधैँ टाढा रहनुपर्ने नियमकाबारेमा उनले यस भागमा विशेष उल्लेख गरेका छन्।

त्यस्तै भर्तृहरिको यस पुस्तकको दोस्रो खण्डमा उनले श्रृङ्गारिक विषयका बारेमा वर्णन गरेका छन्। उनले यसमा नायिकाहरूको अङ्ग प्रत्यङ्गका बारेमा चर्चा गर्दै उनीहरूका हाउभाउ आदिकाबारेमा विभिन्न उपमाका माध्यमले वर्णन गरेका छन्। गृहस्थाश्रममा रहँदा आफ्नी पत्नीप्रति प्रेमभाव राख्दै शास्त्रीय नीति नियमका आधारमा उनीबाट सधैँ सकारात्मक ऊर्जा प्राप्त गर्दै जीवन चलाउनकालागि पनि उनले यस खण्डमा साह्रै नै रमाइला श्लोकका माध्यमले नारीहरूको प्रशंसा गरेका छन्। उनीहरूसँगको संसर्गलाई स्वर्ग सँगै तुलना गरेका छन्।

भर्तृहरिको पुस्तकको अन्तिम खण्ड वैराग्य शतकम् हो। उनले लेखेका नीति र श्रृङ्गार शतकम् भन्दा अलि भिन्न खालका विषय यस खण्डमा राखिएका छन्। नीति नियमका उत्साहित विषयका साथ सुरु गरेका उनले स्त्रीहरूको बेजोड प्रशंसा गर्न पनि भ्याए भने अन्तिममा उनै स्त्रीहरू केही होइनन्, आखिर यो भोगी जीवन भनेको नै रोगीमय दुःखी जीवन हो भन्ने खालले प्रस्तुत भएका छन्। उनलाई यस खालको वैराग्य चाहिँ उनकै महारानीकै कारणले आएको हो भन्ने मान्यता रहिआएको छ। जसको प्रसङ्ग यसरी रहेको छ -"कुनै एकजना ऋषिले तपस्याबाट प्राप्त अमर हुने फललाई आफ्ना लागि भन्दापनि प्रजापालक राजालाई उचित हुने ठानी राजा भर्तृहरिलाई ल्याएर दिन्छन्। भर्तृहरिले फेरि त्यो फल आफुलाई भन्दा आफ्नी परमप्रिया रानीलाई दिन्छन्। रानीले फेरि त्यो फल उनको परमप्रिय गुप्त प्रेमीलाई दिन्छिन्। गुप्तप्रेमीले फेरि त्यो अमर फल आफ्नी परमप्रिया रहेकी कुनै वेश्यालाई लगेर दिन्छ। वेश्याले फेरि त्यो फल आफूले खाएर यो सबैसँग बस्नपर्ने दुःखी जीवनलाई अमर बनाउनभन्दा प्रजापालक राजालाई खुवाई उनलाई अमर बनाउन उपयुक्त हुने ठानी राजालाई ल्याएर दिन्छिन्। राजा अचम्मित हुन्छन्। पुरा घटनाका बारेमा थाहा पाउँछन्। आफ्नी परमप्रिया महारानीबाट भएको धोकाबाट उनी स्तब्ध हुन्छन्। अनि यसरी काव्यको रचना गर्दछन् -

**यां चिन्तयामि सततं मयि साविरक्ता**
**साऽप्यन्यमिच्छति जनं सजनोऽन्यसक्तः।**
**अस्मत्कृते च परिशुष्यतिकाचिदन्या**
**धिक् तां च तं च मदनं च इमां च मां च ।।**

अर्थात् म जसका बारेमा निरन्तर चिन्तित छु उनी मेरी महारानी मबाट विरक्त छिन्। मप्रति उनको घृणाको भाव छ भने उनको प्रेम अन्य कुनै गुप्तप्रेमीमा छ। फेरि मेरी रानीको त्यो गुप्तप्रेमी उनलाई माया नगरेर अर्की वेश्या नारीप्रति आकर्षित छ। फेरि ती वेश्या नारीको प्रेम त्यो मानिस प्रति नभएर मप्रति छ। त्यसैले तां भनेकी ती मेरी रानीलाई, तं भनेको रानीको प्रेमीलाई, मदनं भनेको कामदेवलाई, इमां भनेको यी वेश्या नारीलाई रमां भनेको मलाई पनि धिक्कार छ।

यसरी यस घटनाबाट अर्थात् आफ्नो जीवन नै उनैका लागि अर्पेका राजाले उनीबाट धोका पाउँदा वैराग्य उत्पन्न भई आफ्नो राजकाज त्याग गरी जङ्गल पस्दछन्। वर्तमान हाम्रो समाजपनि राजा भतृहरिलाई झुक्याए जस्तो झुक्याउनेहरूको ठूलै समूहले युक्त छ। विदेशतिर गएका श्रीमान्हरूलाई एवम् स्वदेशमैँपनि आफ्नो आधा अङ्ग मानेर खाइ नखाई पालेका श्रीमतीहरूले धोका दिएर श्रीमान्लाई घर न घाट बनाएका छन्। यति हुँदापनि श्रीमान्हरूमा भने भर्तृहरिमा जस्तै वैराग्य उत्पन्न हुन सकेको छैन। एकजना वेठिक भए अर्की राम्री छन् कि भन्दै पुनः उमेर अवस्था नै ख्याल नगरी मातापिताको सेवामा नलागी पुनः नारी सङ्ग्रहमा नै लागिरहेको छ। अथवा श्रीमतीले जतिसुकै धोका दिएपनि उसले देखेको नदेख्यै गरेर बसेको छ। नारीहरू पनि पुरुषहरूद्वारा झुक्काइएका छन्। विहे गरेर यसो गर्छु र उसो गर्छु भन्नेहरूका पत्नीहरू अघोषित सौताहरूको पीडामा रहनुपरेको छ। उत्तिखेरै श्रीमान् त्याग्ने, अनि कतै हिँड्ने, पुनः फेरि त्यही श्रीमानसँग आउने र पुनः उसलाई लुटेर पुनः अर्कोतिर लाग्ने खालले समाजका केही महिलाहरू लागेका छन्। पुरुषहरू पनि आफ्नी प्रियतमामा विश्वास नलागेर अनावश्यक रूपमा के के खोज्दै हिँडिरहेका छन्। यहाँ यस खालका घटनाहरूले त भर्तृहरिलाई जस्तो वैराग्य आउनुपर्थ्यो। तर त्यसो हुन सकेको छैन। किनकि वर्तमान समाज उही शारीरिक प्रेममा फसेको छ। शरीरमा तागत हुन्जेल सबै सबैका प्रिय छन् तर शरीरमा तागत सक्किएपछि परिवारका सामान्य अप्ठ्याराहरू पनि पहाड बनाउँदै नयाँ अवसरको खोजी गर्ने समाजको निर्माण भइरहेको छ। पत्नीले अनेकपटक लात्ताले हान्दा पनि वैराग्य आउन सकेको छैन। पतिको आफुप्रतिको धोकाका साथ अनुशासनविहीन कार्य गर्दा पनि ईश्वर प्रेम आउन सकेको छैन। आउँछ त केवल बदलाको भाव। त्यही बदलाको भावको आगाको ज्वालामा आफ्नो आयु दिन प्रतिदिन नष्ट भइरहँदापनि हामीलाई भने वैराग्यले छुन सकेको छैन।

# "लोटबम" मा नेपाली र भारतीय श्रद्धालुको घुइँचो

कपिलवस्तु, (बुटवल टुडे), १३ साउन- तिथी अनुसार साउन महिनामा लाग्ने श्रावणी मेला बोलबम काँवर जलयात्राको तेस्रो सोमबार कपिलवस्तुको तौलिहवा स्थित प्राचिन ताम्रेश्वरनाथ (तौलेश्वरनाथ) महादेव मन्दिरमा जमिनमा घिस्रिएर जलापर्ण (लोटबम) सहितको जलार्पण गर्नका लागि श्रद्धालुको घुइँचो लागेको थियो। आईतबार रातिभरी प्राचिन भागिरथी (बाणगंगा नदी) को रामघाटमा जाग्राम बसेर भजन कृतन गरेका नेपाल र भारतका श्रद्धालुले मध्यरातमा स्नान गरि जल लिई बोलबमको नारा लगाउँदै जलार्पण गरेका थिए।



जलार्पणमा सहभागी हुने मध्ये ठूलो संख्याका श्रद्धालुले जमिनमा घिस्रिएर सोमबार राती १२ बजे देखि नै तौलेश्वर मन्दिर भन्दा ५ किलोमिटर टाढा रहेको रामघाटबाट जल लगेर जलार्पण गरे। जलार्पणको रोचक पक्ष त के छ भने जलार्पणका लागि आउने कतिपय श्रद्धालुले भाकल पुरा गर्न १० घण्टा बढि जमिनमा घस्रियर ५ किलोमिटर दुरीमा रहेको महादेब मन्दिरहरूमा जलापर्ण गरेका छन। राती १२ बजेबाट जमिनमा घिस्रीन शुरु गरेका श्रद्धालु बिहान ५ बजे पछि मन्दिरमा पुगेका थिए। भाकल पुरा भएको र मनोकाँक्षा पुरा हुने जनबिश्वासका साथ जमिनमा घिस्रिएर जलापर्ण गर्नुलाई यहाँ स्थानीय भाषामा लोटबम भन्ने गरिएको छ।

मन्दिरमा जलापर्ण र लोटबममा सहभागी हुनेमा नेपालका श्रद्धालु मात्रै नभई भारतको उत्तर प्रदेश राज्यको सिद्धार्थनगर, बलरामपुर, बस्ती लगायतका स्थानका श्रद्धालु सहभागी भएका थिए। जमिनमा घिस्रिएर जलापर्ण गर्नेहरूमा बालबालिका, किशोरी, महिला, युवाहरूको संख्या उल्लेख रहेको छ। आफूहरूको भाकल पुरा भए पछि रामघाटबाट लोटबम गर्दै तौलेश्वर नाथ मन्दिरमा जलापर्ण गर्न थालेको नेपाली र भारतिय श्रद्धालुले बताए। भारत उत्तर प्रदेशको सिद्धार्थनगर जिल्लाबाट आएकी लोटबममा सहभागी सुमन पासवानले आफ्नो भाकल पुरा भए पछि जमिनमा घिस्रिएर जलापर्ण गरेको बताईन। बिहान १ बजेबाट ५ किलोमिटर जमिनमा घिस्रिएर जलापर्ण पुरा गर्न थालेकी उनले आफू निरन्तर दोस्रो बर्ष लोटबममा सहभागी भएको जानकारी दिईन। उनी जस्तै कपिलवस्तु जिल्ला बुद्धभुमी नगरपालिका १० चेतरादेहीका ज्योतीराम पटेलले आफ्नो भाकल पुरा भएपछि तिनवटा सोमबार लोटबम पुरा गरेको र चौथो सोमबार पुनः लोटबममा सहभागी भएको जनाए। कपिलवस्तु नगरपालिका वडा नम्बर १२ पिपरहवाका संजय मौर्यले आफ्नो मनोकामना पुरा होस भनेर तथा समयमै बर्षा होस भन्ने मनोकामना लिएर लोटबम गर्न थालेको बताए।

जमिनमा घिस्रिएर जलापर्ण गर्ने श्रद्धालुलाई घिस्रिएर जलापर्ण गर्न परिवारका सदस्यले सहयोग गरेका हुन्छ। कोहोले उभिएर जमिनमा घिस्रिएका थिए भने कोही कोल्टे फेर्दै घिस्रिएर जलापर्ण गरे। यो सोमबार मात्रै २ सय बढिले जमिनमा घिस्रिएर जलापर्ण गरेको तौलेश्वरनाथ महादेव मन्दिर व्यवस्थापन समितिको अनुमान छ। महिनाभरी शिव मन्दिरमा जलापर्ण गर्नाले बिशेष पुण्यफल मिल्ने बिश्वासका साथ भक्तजनहरूले यहा जलापर्ण गर्ने गरेका हुन। श्रद्धालुका लागी आईतबार साँझदेखी भिक्षुचोक, गौढी चोक, चोक बजार र आन्दोलन चौकमा प्रसाद, सर्बत र पानीको व्यवस्था गरिएको थियो। यता कपिलवस्तु नगरपालिकाले विद्युतिकरण, सजावट र श्रद्धालुलाई दमकलले पानी हाल्ने व्यवस्था मिलाएको थियो। सुरक्षा व्यवस्था सुदृढ बनाउन रामघाटदेखि मन्दिर सम्म ठूलो संख्यामा सुरक्षाकर्मी खटाईएको थियो। पछिल्लो समय बोलबम कावर जलयात्रामा नेपाल र भारतबाट ठूलो संख्यामा श्रद्धालु भक्तजन सहभागी हुन थालेको कपिलवस्तु नगरपालिकाका प्रमुख सुदिप पौडेलले बताए। बोलबम काँवर जलयात्राको आस्थालाई कायम राख्न रामघाटमा शिवधामको निर्माणको कार्य अगाडि बढाईएको र यसले धार्मिक पर्यटक तथा श्रद्धालुलाई थप आकर्षण गर्ने प्रमुख पौडेलले बताए।

## सरकारी...

कृषि ज्ञान केन्द्र रूपन्देहीका प्रमुख शिव प्रसाद अर्यालले रूपन्देहीमा ४० प्रतिशत क्षेत्रफल मात्र सिंचित रहेको जानकारी दिए। रूपन्देही जिल्लाको कुल क्षेत्रफल १ लाख २९ हजार ७४९ हेक्टर रहेकोमा कुल खेतीयोग्य जग्गा ८२ हजार ६२२ हेक्टर छ। यस मध्ये पनि ८० हजार १ सय २२ हेक्टरमा मात्र खेती हुने गरेको अर्याल बताउँछन्। यी मध्ये धान खेती ६० हजार हेक्टरमा मात्र हुने गरेको छ।

वर्ष भरि पानी पाएर सिंचित हुने क्षेत्र भने २३ हजार १९५ हेक्टर अर्थात ४० प्रतिशत मात्र रहेको अर्यालले बताए। ६० प्रतिशत अर्थात ३४ हजार ७९३ हेक्टरमा आंशिक रूपमा मात्र सिंचाई पुगेको छ।"सिँचाइ विभागको नक्सामा हाम्रो खेतमा नहरको पानी पुगेको देखाइन्छ," सिद्धार्थनगर नगरपालिकाका एक किसान नगेन्द्र कुर्मी भन्छन्, "तर वर्षा नहुँदा नहरमा पानी छैन, मोटर चलाएर पनि पर्याप्त पानी आउँदैन। सरकारी तथ्याङ्क केवल कागजमा मात्र सीमित छ।"

विशेषगरी धान रोपाइँ पछिको यो महत्वपूर्ण समयमा पानीको अभावले किसानहरूले चरम सास्ती भोगिरहेका छन्। सरकारी तथ्याङ्कले सिञ्चित देखाएको क्षेत्रमा समेत पर्याप्त पानी छैन। सिँचाइ सुविधाको पहुँच नभएका किसानहरूको अवस्था झनै नाजुक छ।

पानीको अभावले धानका बिरुवा सुक्न थालेका छन् भने अन्य बालीहरूमा पनि नकारात्मक असर परेको छ। यसले यस वर्ष रूपन्देहीको कृषि उत्पादनमा गिरावट आउने निश्चितप्रायः छ, जसको प्रत्यक्ष मार किसान र समग्र अर्थतन्त्रमा पर्नेछ।

रूपन्देहीमा सिँचाइका लागि करोडौं रूपैयाँ लगानीमा बनेका पूर्वाधारहरू छन्। तर, वर्षाको अभावमा नदीहरूमा पानीको बहाव घट्दा र भूमिगत जलस्तरमा कमी आउँदा ती पूर्वाधारहरूको पूर्ण उपयोग हुन सकेको छैन। नहरका कतिपय शाखा र उपशाखाहरू जीर्ण भएकाले मर्मतसम्भारको अभावमा पनि पानी खेतसम्म पुग्न नसकेको किसानहरू बताउँछन्।

अधिकांश किसानले बोरिङ मार्फत भूमिगत पानी निकालेर आफै रोपाइँ गरेका छन् यसरी रोप्दा ३ किलोमिटर सम्म डेलिभरि पाइपमार्फत टाढा-टाढाबाट पानी ल्याउने गरेका छन्। सिँचाइ अभाव हुँदा धान खेतीमा लागत बढेको किसान बताउँछन्। मर्चवारी-६ पिपरहवाका प्रह्लाद चौधरीले यस वर्ष १ विगहामा धान खेती गरेका छ। उनको खेत आसपास सिँचाइका लागि पानीको स्रोत छैन। समस्या समाधानका लागि बोरिङ गाड्ने प्रयास गरे। तर पानीको सतह न भेटेपछि हार खाए।

प्रत्येक वर्ष आकाशे पानीको भरमा खेती गर्दै आएका उनले विकल्प नभएपछि एक किलोमिटर टाढाको डन्डा खोलामा पम्पसेट चलाएर पाइपबाट पानी ल्याएको बताए। "महङ्गो लागत लगाएर धान त रोपियो, तर अहिले खेतमा धाँजा फाटेको छ। अब यसलाई जोगाउनै धौ धौ परेको छ।" उनले भने "अबको केही दिन पानी नपरे सबै लगानी खेर जानेछ।"

सिँचाइको अभावमा बालीहरू सुक्न थालेकाले किसानहरूले ठूलो आर्थिक नोक्सानी व्यहोर्नुपर्ने अवस्था आएको छ। रूपन्देहीका किसानहरूले खडेरी प्रभावित किसानहरूलाई तत्काल राहत प्याकेज घोषणा गर्न, सिँचाइको वैकल्पिक व्यवस्था मिलाउन र कृषि ऋणमा सहुलियत दिन सरकारसँग आग्रह गरेका छन्। यदि तत्काल पहल नभए यस वर्ष रूपन्देहीको कृषि उत्पादनमा ठूलो गिरावट आउने र त्यसले समग्र जिल्लाको अर्थतन्त्रमा नकारात्मक असर पार्ने निश्चितप्रायः देखिन्छ।

सिञ्चित क्षेत्रको वास्तविक अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्कलाई यथार्थपरक बनाउनुपर्ने, सिँचाइ पूर्वाधारको नियमित मर्मतसम्भार गर्नुपर्ने र पानीको वैकल्पिक स्रोतको खोजी तथा उपयोगमा जोड दिनुपर्ने आवश्यकता रहेको किसानहरूको भनाई छ। अन्यथा, तथ्याङ्कमा सिञ्चित देखिए पनि रूपन्देहीका खेतहरू सधैं प्यासै रहने जोखिम बढ्नेछ।

## अर्घाखाँचीमा...

६ वर्ष अगाडि अण्डामा पनि आत्मनिर्भर बनेको अर्घाखाँचीमा अहिले अण्डा उत्पादन भने घटेको छ। ६.६२ प्रतिशतले अण्डा उत्पादनमा कमी आएको हो। गतवर्ष ७७३८.२६ हजार गोटा अण्डा उत्पादन भएको हो, ६ वर्ष अगाडि ८२८७ हजार गोटा अण्डा उत्पादन हुने गरेको थियो। मासु र दूधमा अर्घाखाँची आत्मनिर्भर बन्दा अण्डा भने निर्यात गर्नुपरेको छ। अर्घाखाँचीमा ३६११५ वटा दुध दिने गाईभैसी रहेका छन्। जिल्लामा २४ कृत्रिम पोखरीमा माछापालन व्यवसाय पनि सञ्चालन हुदैं आएको छ। मासुमा आत्मनिर्भर भएको अर्घाखाँचीमा उत्पादनलाई वृद्धि गर्न मालारानी गाउँपालिकामा बाख्रा श्रोत केन्द्रको स्थापना गर्नका लागि जग्गा खरिद भइसकेको छ।

प्रस्तावित बाख्रा श्रोत केन्द्र वरिपरिको सरकारी सामूदायिक तथा नीजि जग्गा ५०० रोपनी क्षेत्रफल बराबरको विवरण तयार गरी मन्त्रालयमा पेश भईसकेको छ, प्रमुख पौडेलले भने 'मन्त्रालयबाट गठन गरिएको सम्भाव्यता अध्ययन समितिले जिल्ला स्थित सरोकारवाला निकायहरूसँग समन्वय गरी प्रस्तावित क्षेत्रको अवलोकन/अनुगमन गरेसकेको छ, मन्त्रालयमा प्रतिवेदन पेश गरिएको छ, यसको प्रक्रिया अगाडि बढाउँदै छौं।' स्रोत केन्द्र स्थापना सँगै उत्पादनमा वृद्धि, उन्नत जातका बाख्रा पाईने हुँदा जिल्लाका कृषकलाई थप सहज हुन्छ।

अर्घाखाँचीमा उत्पादन भएको दूध र मासु तराईका जिल्लामा समेत खपत हुन्छ। दूध गुल्मी, कपिलवस्तु, रूपन्देही, पाल्पा र प्युठानमा निर्यात हुन्छ। मासुमा खसीबोका लुम्बिनी प्रदेश सहित काठमाडौं सम्म बिक्रीका लागि पठाउने गर्छन्। अण्डा केही मात्रामा बाहिरबाट आयात भएको छ। बजारमा कुखुराको मासु किलोको ३ सय २०, खसी बोकाको किलोको ९ सय रूपैँयामा बिक्री भइरहेको छ। मासुका लागि चल्ला अर्घाखाँचीको शितगंगामा उत्पादन हुने गर्छ। अन्य चितवन र बुटवलबाट ल्याइन्छ। 'मासुका लागि अर्घाखाँची आत्मनिर्भर छ,' पौडेलले भने 'उन्नत जातका खसीबोका, पाडा, कुखुरा पाल्नका लागि फर्म दर्ता गर्नेलाई अनुदान दिएपछि उत्पादन बढ्दै गएको छ।

भूगोलका आधारमा सबैभन्दा बढी क्षेत्रफल रहेको शितगंगा तराईका जिल्लासँग सिमाना जोडिएका कारण पनि उत्पादन भएको सामाग्री विक्री वितरण गर्नमा सहजता भएको र बजारीकरणका लागी नगरपालिकाले पहल गर्दै आएको नगरप्रमुख छविलाल पौडेलले बताए।

शितगंगामा जताजतै जंगलको क्षेत्रफल भएका कारण शितगंगा नगरपालिका बाख्रापालनका उपयुक्त छ। शितगंगा पशुपालनसँगै कुखुरापालन र तरकारी खेतीका लागी पनि उपयुक्त छ, नगरका योजना शाखा प्रमुख नुमलाल खनालले भने, गतवर्ष १० हजार खसीबोका नगरबाहिर निर्यात भएको हो।' उपयुक्त चरन क्षेत्र, बाख्रापालनका लागि उपयुक्त वातावरण र विक्रीका लागि बजारको सहजताका कारण पनि कृषकहरू बाख्रापालनमा आकर्षित छन्।

## करले...

घरेलु कार्यालयका एक पटक कर तिरे ३ वर्ष सम्म ढुक्क हो। स्थानीय सरकारलाई घरेलुको तुलनामा दोब्बर वर्षै पिच्छे बुझाउनु पर्दछ। जसले गर्दा साना उद्योगीहरू मर्कामा परेको घरेलु कार्यालयले जनाएको छ। स्थानीय सरकारले स्थानीय सरकार ऐन अनुरूप कर लिने गरेको छ। यहाँ उद्योग त घरेलु नै हो। ठूला उद्योगहरू छैनन्। व्यापारीक फर्म तर्फ सबैभन्दा कम वार्षिक ५ सय ५० र सबै भन्दा बढि लुम्बिनी मेडिकल कलेजले ३९ हजार ४ सय रूपैयाँ स्थानीय सरकारलाई कर बुझाएको प्रमुख घर्तीले बताए। घरेलु तथा साना उद्योग कार्यालयका मनोज घिमीरेका अनुसार कर प्रणाली व्यवस्थित नहुँदा उद्योग व्यवसायको फर्म बन्द गर्ने क्रम बढ्दो छ। आर्थिक वर्ष ०८०/०८१ को अवधिमा १ सय ३९ वटा उद्योग बन्द भए। गत आर्थिक वर्षमा २ सय ३३ वटा उद्योगको लगत कट्टा भएको थियो। घरेलु तथा कुटिर उद्योगको विषयमा सरकारले स्पष्ट नीति निर्माण गर्न नसक्नु, घरेलु तथा कुटिर उद्योगबाट उत्पादित बस्तुको प्रयोग बढाउन तर्फ पनि संघीय देखि स्थानीय सरकार सम्म ध्यान नपुगेका कारण साना लगानीमा स्थापित उद्योग विस्थापित हुने अवस्थामा आएको पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भटराई बताउँछन्।


विद्या ददाति विनयम्

**केरवानी माध्यमिक विद्यालय**

(प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गत बाली विज्ञान सञ्चालित)

**देवदह नगरपालिका-५, रूपन्देही**

**आवश्यकता सम्बन्धी सूचना**

उपर्युक्त सम्बन्धमा यस केरवानी माध्यमिक विद्यालयमा निम्नानुसार रिक्त पदमा खुल्ला प्रतिस्पर्धाद्वारा पद पूर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ।

**विज्ञापन नं.**: १/२०८२/०८३
**पद**: ल्याब असिष्टेन्ट (बालीविज्ञान)
**स्थायी/अस्थायी**: करार
**पद संख्या**: १ जना
**न्यूतम शैक्षिक योग्यता**: T.S.E.E, बालीविज्ञान वा सो सरह उत्तीर्ण
तलबः नेपाल सरकारले तोके बमोजिम।
**निवेदन दस्तुर**: १०००।- (एक हजार मात्र।)
**निवेदन साथ**: हस्तलिखित निवेदन, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता र अनुभवको प्रमाणपत्रका प्रतिलिपिहरु संलग्न फाइल।
**दरखास्त दिने अन्तिम मितिः** मिति २०८२ साउन २८ गते ४ बजेसम्म।
**सम्पर्क मितिः** २०८२ साउन २९ गते, ११ बजे।
**परीक्षा मितिः** सम्पर्क मितिमा जानकारी गराइने छ।
**परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तरवार्ता।
**नोटः** ल्याव असिष्टेन्ट विषयको पाठ्यक्रम केरवानी मा.वि.को वेवसाइट www.kerwaniss.edu.np को Download मा गई प्राप्त गर्न सकिने छ। म्याद नाघी वा रीत नपुगी आएका निवेदन उपर कुनै कारवाही गरिने छैन।



**श्री तिलोत्तमा माध्यमिक विद्यालय**
**Shree Tilottama Secondary School**
बुटवल उपमहानगरपालिका-६, रुपन्देही, लुम्बिनी प्रदेश ,नेपाल
Butwal Sub-Metropolitation-6,Rupandehi,Lumbini Province ,Nepal
Contact:+977-071-530958,Email: tilottamasecondaryschool@gmail.com
ESTD.:2020(B.S.)

**विद्यालय नर्स आवश्यकता**

**सूचना प्रकाशित मितिः** २०८२/०४/१३

बुटवल उपमहानगरपालिका द्वारा यस विद्यालयलाई प्राप्त विद्यालय स्टाप नर्स (सहायक पांचौ) तहको नगर अनुदान सम्बन्धमा विद्यालय-व्यवस्थापन समितिको मिति २०८२/०४/१२ गतेको निर्णय अनुसार खुल्ला विद्यालय स्वास्थ्यकर्मी (स्टाफ नर्स) पदपूर्तिका लागि यो सूचना प्रकाशित गरिएको छ। योग्यता पुगेका नेपाली नागरिकहरु बाट शैक्षिक योग्यताका प्रमाणपत्र र नेपाल नर्सिङ परिषदमा दर्ता भएको स्टाफ नर्स पत्रको प्रतिलिपि सहित तपसिलको आधारमा दरखास्त आह्वान गरिन्छ।

**तपशिल**
**वि.नं.** ०१/०८२/०८३
**पदः** विद्यालय नर्स
**तहः** सहायक पाचौ    विषयः स्वास्थ्य
**संख्याः** १ (एक)    किसिम : नगर अनुदान
**परीक्षा दस्तुरः** रु.१०००
**क. न्यूनतम शैक्षिक योग्यताः** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह उर्त्तीण गरेको कागजात।
**ख.** नेपाली नागरिक प्र.प.को छांया कपि।
**ग.** १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।
**घ.** अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको।
**ङ.** नेपाल नर्सिङ परिषदमा दर्ता भएको स्टाफ नर्स दर्ताको पत्र नम्बर।
**च.** स्थानीय वासिन्दालाई प्राथमिकता दिइने छ।
**परीक्षाको किसिमः** लिखित,परीक्षा र अर्न्तवार्ता।
**दरखास्त दिने अन्तिम मितिः** २०८२।०४।२८
**सम्पर्कः** २०८२।०४।२९
**परीक्षा मितिः** सम्पर्क मितिका दिन तोकिने छ।    **प्रधानाध्यापक**

# वनबाट वातावरण सन्तुलन



चन्द्रौटा (बुटवल टुडे), १३ साउन- वैज्ञानिक वन व्यवस्थापन प्रणालीलाई सातै प्रदेशमा विस्तार गर्नु दीगो विकास, वातावरणीय सन्तुलन र ग्रामीण समृद्धिको मूल आधार बन्ने विज्ञ, जनप्रतिनिधि र नीति निर्माताहरूले बताएका छन्। वैज्ञानिक वन व्यवस्थापन उपभोक्ता महासंघको चौथो स्थापना दिवसको अवसरमा कपिलवस्तुमा आयोजित कार्यक्रममा अधिकांश वक्ताहरूले परम्परागत वन उपयोग प्रणालीले वन स्रोतको दीर्घकालीन सुरक्षा नहुने भएकाले वैज्ञानिक प्रणाली अनिवार्यरूपमा अवलम्बन गर्नुपर्नेमा जोड दिएका हुन्।

वन विज्ञ तथा प्राध्यापक डा. राजेश राईले भने, "वातावरणीय सन्तुलन कायम राख्दै उत्पादन र उपभोगबीच सन्तुलन मिलाउन वैज्ञानिक वन व्यवस्थापनको विकल्प छैन्। कटानपछिको पुनःवनरोपण, जैविक विविधताको संरक्षण, भू-क्षय नियन्त्रण र सामुदायिक सहभागिता वैज्ञानिक प्रणालीका मूल आधार हुन्।" डा. राईका अनुसार, वैज्ञानिक वन व्यवस्थापनमा नियोजित तरिकाले रुख कटान गरिन्छ, त्यसपछि त्यस क्षेत्रमा नयाँ बिरुवा रोपिन्छ, जसले सन्तुलन बिगार्न दिँदैन, बरु वन क्षेत्रलाई झन् स्वस्थ बनाउँछ। यसैबीच प्राध्यापक सुमन भट्टराईले वन क्षेत्र व्यवस्थापनलाई केवल वातावरणको सवाल मात्र नभई सामाजिक-आर्थिक समृद्धिसँग गाँसिएको विषय भएको उल्लेख गरे। स्थानीय जनतालाई रोजगारी, कच्चा पदार्थको सुनिश्चितता र वन पैदावारबाट आय आर्जन हुने अवस्था वैज्ञानिक वन व्यवस्थापनबाट सम्भव रहेको बताए। लुम्बिनी प्रदेशका वन तथा वातावरण मन्त्री देवकरण प्रसाद कल्वारले लुम्बिनी प्रदेशमा लागू गरिएको वैज्ञानिक वन व्यवस्थापनलाई 'नमुना कार्यक्रम' भन्दै संरक्षित क्षेत्रबाहेकका सबै वन क्षेत्रमा यसको विस्तार हुनु पर्नेमा जोड बताए। संघीय वन मन्त्रालय तथा अन्य प्रदेशका मन्त्रीहरूसँग सहकार्य गरेर देशभर वैज्ञानिक प्रणाली कार्यान्वयनका लागि पहल गरिने उनले बताए। लुम्बिनी प्रदेश सभा सदस्य विष्णु पन्थीले वैज्ञानिक वन व्यवस्थापनले प्रदेशको आर्थिक स्वाधीनता र जनजीविकामा सकारात्मक असर पार्ने विश्वास व्यक्त गरे। वन क्षेत्रबाट प्राप्त हुने राजस्व लुम्बिनी प्रदेशको प्रमुख आम्दानी स्रोत रहेको बताए। वैज्ञानिक प्रणालीले यस स्रोतलाई थप व्यवस्थित, पारदर्शी र दीगो बनाउने जनाए।

यसले मात्र गाउँका युवालाई रोजगारी, उद्योगलाई कच्चा पदार्थ र राष्ट्रलाई विदेशी मुद्रा ल्याउने अवसर सिर्जना हुने पन्थीको भनाइ छ। यस्तै वैज्ञानिक वन व्यवस्थापन उपभोक्ता महासंघकी केन्द्रीय अध्यक्ष रेणु सेनले महासंघले नीति निर्माण तहमा वैज्ञानिक वन व्यवस्थापन प्रणालीको प्रवर्द्धन गर्ने बताईन्। समुदाय, उपभोक्ता समूह र सरकारी निकायबीच समन्वय कायम गरी प्रणालीको प्रभावकारी कार्यान्वयनमा योगदान दिने उनले प्रतिवद्धता जनाइन्।

# कर कार्यालय गुल्मीले उठायो ४३ करोड १९ लाख बढी राजश्व




गुल्मी (बुटवल टुडे) १३ साउन - करदाता सेवा कार्यालय गुल्मीले गत बर्षभन्दा ८.३८ प्रतिशत बढी राजश्व सङ्कलन गरेको छ। कार्यालयले आर्थिक बर्ष २०८०/०८१ मा जम्मा ३९ करोड ८५ लाख ३१ हजार ८१० रुपियाँ राजश्व सङ्कलन गरेकोमा आर्थिक बर्ष २०८१/०८२ मा ८.३८ प्रतिशतले बढेर ४३ करोड १९ लाख ४० हजार ७५० रूपैयाँ राजश्व सङ्कलन गरेको करदाता सेवा कार्यालय गुल्मीले जनाएको छ।

करदाता सेवा कार्यालय गुल्मीका नायव सुब्बा श्रवण कुमार बुढाका अनुसार आयकर तर्फ २३ करोड ९२ लाख ८० हजार ८८०, मूल्य अभिवृद्धिकर तर्फ १८ करोड ४७ लाख ६३ हजार ५३० रुपियाँ र अन्तशुल्क तर्फ ७८ लाख ९६ हजार ७५० रुपियाँ राजश्व सङ्कलन गरिएको छ। त्यस्तै आर्थिक बर्ष २०८०/०८१ मा आयकरतर्फ २३ करोड ६ लाख ८० हजार ८८०, मूल्यअभिवृद्धि कर १५ करोड ८३ लाख ९२ हजार ६८० रुपियाँ र अन्तःशुल्क ९४ हजार ५८ हजार २५० रुपियाँ राजश्व सङ्कलन भएको बुढामगरले बताए।

जिल्लामा २०७७ सालमा करदाता सेवा कार्यालय स्थापना भएको थियो। त्योभन्दा पहिले गुल्मीबासीहरूले पाल्पा र बुटवल पुगेर सेवा लिनुपर्ने बाध्यता रहेको थियो। कार्यालय स्थापनासँगै नागरिकलाई करप्रति सकरात्मक बनाउने, स्थानीय तहहरूसँग समन्वय र करदाता शिक्षा सञ्चालन, अग्रिम आयकरको लागि म्यासेज, फोन र सूचना गरेका कारण राजश्व सङ्कलनमा बृद्धि भएको करदाता सेवा कार्यालय गुल्मीका कार्यालय प्रमुख एवं कर अधिकृत बिक्रम पन्थीले जानकारी दिएका छन। यो आर्थिक वर्षमा कार्यालयले आयकर बक्यौताबाट ३५ लाख १२ हजार र मुल्य अभिबृद्धिकर बक्यौताबाट एक करोड १४ लाख ९४ हजार रूपैयाँ उठेको पन्थीले बताए।


**अनुसूची १५**
**(दफा ३३ को उपदफा (२) संग सम्वन्धीत)**

## काठ/दाउराको बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति २०८२/०४/१४**

कालिका सामुदायिक वनको उपभोक्ता समूह बाणगंगा ९ कपिलवस्तुको वन क्षेत्रबाट आ.ब २०८१/०८२ मा पुनरुत्पादन तथा ढलापढा कटानबाट उत्पादन भई समूहको घाटघद्धीमा विभिन्न लट कायम गरी राखिएको विभिन्न जातका काठ गोलिया थान ७६१ को ३११०७.६४ क्युफिट काठ र साल जातको ३ चट्टा र अन्य जातको ६ चट्टा गरी जम्मा ०९ चट्टा दाउरा जे जस्तो अवस्थामा छ।आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ।डिभिजन वन कार्यालयमा सूचिकृत भएका वन पैदावारमा आधारित उधोगले यो दोस्रो पटक सूचना प्रकाशित गरेको मितिले १५ दिन सम्ममा सिलबन्दी बोलपत्र खरीद गरी १६औ दिनको १२ बजे भित्रमा गोप्य सिलवन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्वन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।पूर्ण ब्योहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा टाँस गरिएको छ।

**अध्यक्ष**

**कालिका सामुदायिक वन उपभोक्ता समुह**
**बाणगंगा ९ कपिलवस्तु।**
**सम्पर्कः ९७६४१७९३०१**



## गोप्य शिलबन्दी बोलपत्रद्वारा धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति :२०८२/०४/१४ गते**

यस अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड रामपुर पाल्पाबाट तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गर्नु भएको ऋण रकम ऋण लिदाको वखत संस्थासंग गर्नु भएको ऋण सम्झौता बमोजिम बुझाउनको लागि संस्थाबाट पटक पटक मौखिक, लिखित ताकेता गरि मिति २०८१/०५/२६ गते ऋण चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना पहिलो पटक र मिति २०८१/११/२८ गते ऋण चुक्ता गर्ने बारे १५ दिने सूचना दोस्रो पटक नव जनचेतना राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले तिनुपर्ने ऋणको किस्ता, ब्याज, हर्जना रकम नतिरेको हुँदा यो लिलाम विक्रिको ३५ दिने सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त ऋणको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई ऋण चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्वन्धित ऋणी सदस्यलाई यसै सूचना मार्फत जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत सो ऋण भुक्तान नभएमा सहकारी ऐन २०७४ को दफा ७९ र ८३, सहकारी नियमावली २०७५को नियम ३० (ख) संस्थाको भाखा नाघेको ऋण असुली नीति २०७५को दफा ५.१को उपदफा ५.१.१.३ बमोजिम संस्थाले सूचना प्रकाशित भएको मितिले ३६ औं दिन संस्थालाई धितोबन्धक लेखिदिएको सम्पत्ती जे जस्तो अवस्थामा छ सोही अवस्थामा कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले सो सम्पत्ती खरिद गरिलिन ईच्छुक ब्यक्ति, फर्म, कम्पनी तथा संस्थाहरूको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, धितो सुरक्षण दिने व्यक्ति, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपशिलमा उल्लेखित सम्पत्ती लिलाम बिक्री नभएमा सो सम्पत्ती अन्य व्यवस्था गरी प्रचलित कानुन बमोजिम संस्थाले सकार गरी लिने र उक्त सम्पती संस्थाले विक्रि गरि संस्थाको लेना वाँकी सम्पूर्ण बक्यौता रकम असुल उपर गर्नेछ। संस्थाले लिनुपर्ने रकम असुली नभएमा प्रचलित कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पतीवाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सुचिमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| क्र. सं. | ऋण शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण | | धितो सुरक्षणमा रहेको चल, अचल सम्पत्तिको विवरण | धितो सुरक्षण दिने व्यक्ति |
|---|---|---|---|---|---|
| १. | साधारण धितो ऋण | ऋणी सदस्य : टीका सुनार<br>पतिः हस्त बहादुर सुनार<br>ससुराः कालु सुनार<br>ठेगानाः<br>साविकः रामपुर गा.वि.स. ४, पाल्पा<br>हालः रामपुर नगरपालिका - ५, पाल्पा<br>नागरिकता नं. ९७१६४ जि.प्र.का. पाल्पाः | | ठेगानाः रामपुर गा.वि.स.३, पाल्पा<br>कित्ता नं.: ७२११<br>क्षेत्रफलः ०-२-०-२ दो.पा. | नामः हस्त बहादुर सुनार<br>बुवाः कालु सुनार<br>बाजेः डोठे सुनार<br>ठेगानाः<br>साविकः रामपुर गा.वि. स. ४, पाल्पा<br>हालः रामपुर नगरपालिका - ५, पाल्पा |
| | | जमानीकर्ताको विवरण | नामः विनोद श्रेष्ठ | | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र ऋण भुक्तान गरी, गराई आफ्नो सम्पत्तीको उचित संरक्षण गर्नुहुन समेत यसै सुचनामार्फत जानकारी गराईन्छ। उल्लेखित दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाको दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सुचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भई संस्थाको लेना रकम असुली नभएमा ऋणीको अन्य चलअचल श्रीसम्पती वाट असुलउपर गरिनेछ र ऋणीको अन्य चलअचल सम्पतीवाट संस्थाको सावाँ,ब्याज,हर्जना र अन्य दै-दस्तुर असुल उपर हुन नसकेमा जमानी कर्ताको चलअचल श्रीसम्पत्ती समेतवाट संस्थाको लेना रकम असुलउपर गरिने छ पछि मेरो, हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा लिलाम बिक्री भयो वा संस्था आँफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनु हुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन्।

बोलपत्र पेशगर्नेहरूको लागि शर्तहरू :

१. बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालयवाट रु.१०००/-( अक्षरेपी एक हजार रूपैया मात्र (फिर्ता नहुने गरि) खरिद गर्न सकिने छ।
२. बोलपत्रमा आफूले कबोल गरेको रकम अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ। फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ।
३. फारम भर्दा नबिराइकन स्पष्ट बुझिनेगरी लेख्नुपर्ने छ। बिग्रिनगई सच्याउनु परेमा अंक र अक्षर खुर्किन वा मेट्ने नगरी बिग्रिएको अंक वा अक्षर स्पष्ट पढ्न सकिने गरी केही थप्नपर्ने भएमा थपगरेको अगाडि र पछाडी सहिछाप गरेको हुनुपर्ने छ। सो नभएका बोलपत्रलाई मान्यता दिइने छैन।
४. वोलपत्रमा आफुले कबोल गरेको कुल रकमको न्यूनतम १० प्रतिशतले हुने रकम लक्ष्मी सनराईज बैंक लि. रामपुर शाखामा रहेको यस संस्थाको खाता नं. ०६१११०००४३ मा धरौटी जम्मा गरी सक्कल बैंक भौचर संलग्न गरी बोलपत्रका साथ पेश गर्नुपर्ने छ।
५. लिलाम सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्नु पर्नेछ। उक्त दिन विदा परेमा त्यसको भोलि पल्ट पेश गर्न सकिनेछ। सूचना प्रकाशित भएको मितिले ३६ औं दिन संस्थाको केन्द्रीय कार्यलय मा बोलपत्र खोलिने छ। उक्त दिन विदा पर्न गएमा सो पछि लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ। ३५ दिन सम्म ऋणी वा धितोवालाले संस्थाको ऋण चुक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ।
६. संस्थामा प्राप्त भएको शिलबन्दी बोलपत्रहरू खोलिने दिनमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहोबरमा खोलिनेछ। यदी बोल पत्र पेश गर्ने व्यक्ति निजको प्रतिनिधि बोल पत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा परेको मानिने छैन।
७. लिलामीको स्वीकृत आदेश पाएको बोलपत्रदाताले आफुले कवोल गरेको रकम मध्ये धरौटी वापत जम्मा गरेको १० प्रतिशत रकम कटाई सहकारी नियमावली २०७५ को नियम ३४ वमोजिम तोकिएको म्याद ७ दिन भित्र बांकी ९० प्रतिशत रकम दाखिला गरी लिलाम सम्पत्ति नामसारी दाखिला खारेजगरी लिइसक्नुपर्ने छ। तोकिएको म्याद भित्रमा सम्पत्ति नामसारी गरी नलिएमा निजले धरौटी वापत जम्मा गरेको रकम जफत गरी निजपछि सबैभन्दा बढी भएको बोलपत्रदातालाई निजको नाममा उल्लेखित सम्पत्ति दाखिला खारेज गरी नामसारी गरिलिन संस्थाले आदेश दिन सक्ने छ।
८. नामसारी गर्दा लाग्ने राजश्व लगायत अन्य सम्पूर्ण खर्चहरू बोलपत्रदाता स्वयमूले ब्यहोर्नु पर्ने छ।
९. तोकिएको म्याद भित्र प्राप्त नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
१०. बोलपत्रदाताले बोलपत्र साथ आफ्नो ब्यक्तिगत/संस्थागत विवरण पेश गर्नुपर्ने छ।
११. बोलपत्रको सदर बदर हुनु अगावै ऋणीले रकम बुझाएमा प्राप्त बोलपत्रहरू रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ। धरौटि स्वरूप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन्।
१२. लिलाम हुने सम्पत्ति सम्बन्धमा वा अन्य आवश्यक कुराहरू बुझ्नका लागि सार्वजनिक बिदा बाहेकका दिनहरूमा कार्यालय समय भित्र संस्थाको केन्द्रिय कार्यालयमा सम्पर्क राख्न सकिने छ।
१३. बोलपत्र सम्बन्धी स्वीकृत, अस्वीकृत गर्ने अधिकार साथै अन्य सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहित रहने छ।

**अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि.**
**रामपुर नगरपालिका वडा नं-७ पाल्पा, नेपाल**
फोन नं. ०७५-४०१०३०/४०१०३१, ईमेल andhakarmukti5@gmail.com,
वेवसाईट www.andhakarmukti.com



## श्री नयाँगाउँ माध्यमिक विद्यालय
**बुटवल - १२, रुपेन्देही**

## आवश्यकता

**सूचना प्रकाशित मितिः २०८२।४।१४**

प्रस्तुत विषयमा यस नयाँगाउँ माध्यमिक विद्यालयलाइ बुटवल उप-महानगरपालिकाबाट स्टाफ नर्सको १ दरबन्दी प्राप्त भएकाले उक्त पदपुर्तिको लागि आवश्यक योग्यता पुगेका नेपाली नागरिकवाट दरखास्त आह्वान गरिएको छ।

**विज्ञापन नं.:** ०१।०८२/८३
**पदः** स्टाफ नर्स
**संख्याः** १
**न्यूनतम योग्यताः** मान्यता प्राप्त संस्थावाट स्टाफ नर्स उत्तीर्ण
**पेश गर्नुपर्ने कागजातः** शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रतिलिपि
**दरखास्त दस्तुरः** १०००।-
**उमेरः** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**दरखास्त दिने अन्तिम मितिः** २०८२।०४।२८
**सम्र्पक नं :** ९८४७०५८१५४
(अनुभव र माथिल्लो योग्यतालाई विशेष। प्राथमिकता दिइनेछ।
**तलब स्केलः** बुटवल उपमहानगरपालिकाको नियम अनुसार

**प्रधानाध्यापक**

**श्री नयाँगाउँ माध्यमिक विद्यालय**
**बुटवल - १२, रुपन्देही**



## रूपन्देही जिल्ला अदालत
## सूचना! सूचना!! सूचना!!!

**तहसिल शाखा विगो नं. ०८०-३५४२/१६४६**

सख्सुको नाति शंकर यादवको छोरा जिल्ला रूपन्देही सेमरा गा. वि. स. वडा नं. ५ को परिवर्तित ऐ. मर्चवारी गाउँपालिका वडा नं. १ बस्ने वर्ष ५० को रामकिसुन यादव प्रतिवादी पिलेको नाती राम लालको छोरा जिल्ला रूपन्देही सि. न. पा. वडा नं ९ गोनहिया बस्ने अ. वर्ष ६५ को कन्हैयालाल जायसवाल समेत भएको लेनदेन (मु.नं. ०८०-cp-१०७५) मुद्दामा वादीले प्रतिवादी वाट सावा रु.५५,००,०००/- नियमुनसारको व्याज रु. ५५,००,०००/- कोर्ट फी रु. १२४३९२/- नपुग कोर्ट फी रु.२,१०८/- गरी जम्मा रु.१,११,२६,५००/- भराउनु पर्नेमा प्रतिवादीहरूले वादीलाई नबुझाएकाले उक्त रकम तपसिल वमोजिमको सम्पत्तिवाट भराई पाउँ भनी वादीले यस अदालतमा दिएको निवेदन उपर कारवाही हुँदा तपसिलमा उल्लेखित सम्पत्ती मिति २०८२।०४।२९ गते यस अदालतमा डाँक लिलाम हुने भएकाले डाँक बढाबढ गरी दोस्रो डाँक लिलाम सकार गर्न चाहने सर्वसाधरण सवैको जानकारीको निमित्त दोस्रो पटक यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. यस अदालतको तहसिल शाखामा मिति २०८२।०४।२९ गते दिनको ११:०० वजे देखि ५:०० वजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई वोलकवोल गर्न सकिने छ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सो को भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. कायम भएको न्युनतम पंचकृर्ते मुल्यवाट डाँक बढाबढ गर्नु पर्ने छ।
४. डाँक लिलामको वखत बोलकबोल गरेको अंकको दश प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नु पर्ने छ। बाँकी वोल कवोलको रकम डाँक लिलाम भएको मितिले सात दिन भित्र दाखिल गर्नु पर्नेछ। त्यसरी सात दिन भित्र वाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको दश प्रतिशत रकम जफत गरी लिलामको सूचना प्रकाशन गरिने छ।
५. डाँक लिलाम वढावढ हुदाँ सबै भन्दा वढी अंक वोलकवोल गर्नेलाई डाँक सकार गराईनेछ।
६. डाँक लिलाम सम्वन्धमा बुझ्नु पर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।

**डांक लिलाम हुने सम्पत्तिको विवरणः**

| | जगगाधनीको | जिल्ला | गा.वि.स/ नगरपालिका | वडा नं. | कि. नं. | क्षेत्रफल | लिलाम हुने जग्गा | डाँक बोल्नुपर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रतिवादी कन्हैयालाल जैसवाल | रूपन्देही | सि.न.पा. | ९घ | १४५ | १-०-१० | १-३-२ | रु. ५४,२०,०००/- | खोला खाला खाल्टा |
| २ | प्रतिवादी कन्हैयालाल जैसवाल प्रतिवादी | रूपन्देही | सि. न. पा. | ९घ | १५० | ० - २ - १२ | | | पुर्वखोला |

**तहसिलदार**

**मितिः २०८२।०४।०८**
**वोधार्थ/कार्यार्थ**
- कन्हैयालाल जैसवालः जिल्ला रूपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ०९ विगो दाखिला गर्नुहुन। विगो दाखिला नगरेमा माथि उल्लेखित जग्गा लिलाम गरी नियमानुसार वादीको विगो भराईदिनेछ।
- विजय कुमार जैसवालः जिल्ला रूपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ०९ - विगो दाखिला गर्नुहुन। विगो दाखिला नगरेमा माथि उल्लेखित जग्गा लिलाम गरी नियमानुसार वादीको विगो भराईदिनेछ।



## रूपन्देही जिल्ला अदालत
## सुचना। सुचना।। सुचना।।।

**तहसिल शाखा विगो नं. ०८२-२६८८**

सख्खुको नाति शंकर यादवको छोरा जिल्ला रूपन्देही सेमरा गा.वि.स. वडा नं.५ को परिवर्तित ऐ. मर्चवारी गाउँपालिका वडा नं.१ बस्ने वर्ष ४७ को रामकिसुन यादव प्रतिवादी मोहन कुर्मीको पत्नी जिल्ला रूपन्देही सि. न. पा. वडा नं. ९ मिस्रौलिया बस्ने बर्ष ७२ की बुधना कुर्मीनी भएको लेनदेन (मु.नं. ०८०-cp-१६९७) मुद्दामा वादीले प्रतिवादी वाट सावा रु. ३५,००,०००/- नियमुनसारको व्याज रु. ३५,००,०००/- कोर्ट फी रु.८४,९७३/- नपुग कोर्ट फी रु. १,५२७/- गरी जम्मा रु.७०,८६,५००/- भराउनु पर्नेमा प्रतिवादीहरूले वादीलाई नबुझाएकाले उक्त रकम तपसिल वमोजिमको सम्पत्तिवाट भराई पाउँ भनी वादीले यस अदालतमा दिएको निवेदन उपर कारवाही हुँदा तपसिलमा उल्लेखित सम्पत्ती मिति २०८२।०४।२९ गते यस अदालतमा डाँक लिलाम हुने भएकाले डाँक बढाबढ गरी दोस्रो डाँक लिलाम सकार गर्न चाहने सर्वसाधरण सवैको जानकारीको निमित्त दोस्रो पटक यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. यस अदालतको तहसिल शाखामा मिति २०८२।०४।२९ गते दिनको ११:०० वजे देखि ५:०० वजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई वोलकवोल गर्न सकिने छ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सो को भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. कायम भएको न्युनतम पंचकृर्ते मुल्यवाट डाँक बढाबढ गर्नु पर्ने छ।
४. डाँक लिलामको वखत बोलकबोल गरेको अंकको दश प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नु पर्ने छ। बाँकी वोल कवोलको रकम डाँक लिलाम भएको मितिले सात दिन भित्र दाखिल गर्नु पर्नेछ। त्यसरी सात दिन भित्र वाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको दश प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशन गरिने छ।
५. डाँक लिलाम वढावढ हुदाँ सबै भन्दा वढी अंक वोलकवोल गर्नेलाई डाँक सकार गराईनेछ।
६. डाँक लिलाम सम्बन्धमा बुझ्नु पर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।

**डांक लिलाम हुने सम्पत्तिको विवरणः**

| | जगगाधनीको नामथर | जिल्ला | गा.वि.स./ नगरपालिका | वडा नं. | कि. नं. | क्षेत्रफल | लिलाम हुने जग्गा | डाँक बोल्नुपर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रतिवादी बुधना कुर्मीन | रूपन्देही | सि. न. पा. | ९ग | १३९ | ०-८-१ | ०-८-१ | रु. ६३,९९,७५०।- | पुर्वमा कुलो भएको खेतियोग्य |

मितिः २०८२।०४।०८ **तहसिलदार**
वोधार्थ / कार्यार्थ
- वुधना कुर्मीनीः जिल्ला रूपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ०९ - विगो दाखिला गर्नुहुन। विगो दाखिला नगरेमा माथि उल्लेखित जग्गा लिलाम गरी नियमानुसार वादीको विगो भराईदिनेछ।



## Krishnanagar manicipality
## Office of Municipal Executive
**Krishnanagar, Kapilvastu**
**Lumbini Province**

## Invitation for online Bids

**Date of first publication : 2082-04-13 (29th July ,2025)**

The krishnanagar Municipality, Office of the Municipal Executive, krishnanagar kapilvastu invites online bids under e-procurement system from eligible bidders for the procurement of following works. The bidders can visit the PPMO web side www.hhtp://bolptra.gov.np for the brief description with public entity name: Office of Municipal Executive Krishnanagar, kapilvastu .

| S. N. | Contract ID | Name of Projects | Bids Security (NRs.) | Bid Doc fee | Final Bid submission Date & Time | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | KNM/NCB/ GOODS-02/2082/2083 | Phusko Chhana Visthapan karyakram (Procurement of Jastapa, NS Black Pipe and other Associeries ) | 12,00,000.00 | 5000.00 | 27-08-2025, 12:00 | |

**Chief Administrative Officer**



## Chhatrakot Rural Municipality
## Office of the Rural Municipal Executive
**Choyaga, Gulmi**

## Invitation for Electronic Bids

**Date of First Publication: 30th July, 2025**

1. The Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi invites electronic bids from Nepalese eligible bidders for Work as mentioned below under electronics bids.

| Contract No. | Description of Works | Bid Document Fee (NRs.) | Bid Securities (NRs.) | Estimated Price (with Vat and Ps) |
|---|---|---|---|---|
| CRM/Gul/W/ NCB-01/082-83 | Upgrading of Pallikot Butil Sisne Road | 3,000 | 2,50,000 | 92,42,897.45 |
| CRM/Gul/W/ NCB-02/082-83 | Upgrading of Birbas Koldari Guntung Sisne(Birbas Section) To Black topped standrad | 3,000 | 2,50,000 | 92,29,635.99 |

2. Eligible Bidders can get further information regarding Bid Document at the Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi during office hours, Office website www.chhatrakotmun.gov.np, Contact no. 9857067908, 9861253525 and inspect the bidding document at PPMO websitewww.bolpatra.gov.np/egp.

**A.Chief Administrative Officer**

रु.जि.हु.का.द.नं.११/०६२/६३
रु.जि.प्र.का.द.नं.१२४/०६९/०७०
बुटवल टुडे

### कर्णेल उजिरसिंह थापा

# रंगशालाको काम शुरु

बुटवल (रासस), १३ साउन- बुटवल उपमहानगरपालिका वडा नं. १३ सालघारीस्थित जबई खेल मैदानलाई स्तरोन्नति गरी अन्तर्राष्ट्रियस्तरको कर्णेल उजिरसिंह थापा रंगशाला बनाउने काम सुरु भएको छ । बुटवलको जितगढीमा भएको अंग्रेज फौजसँगको लडाइँ जिती विश्वभर नेपालीको वीरता फैलाउने कर्णेल थापाको सम्मानमा आधुनिक एवं सुबिधासम्पन्न रंगशाला बनाउने काम अघि बढेको हो ।



बुटवल उपमहानगरपालिकाले आव २०७६/०७७ मा सो खेल मैदानलाई स्तरोन्नतिसहित कर्णेल थापाका नाममा रंगशाला बनाउन सुरु गरिएकामा वनको अवरोधलगायत कारण रोकिएको काम सुरु भएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका इञ्जिनियर शंकर सुवेदी बताउँछन् ।

भूतपूर्व सैनिकको बाहुल्य रहेको सो उपमहानगरपालिका वडा नं.१३ मा बन्न लागेको उक्त रंगशाला निर्माणका लागि लुम्बिनी प्रदेश सरकारले दुई चरणमा विनियोजित गर्नेगरी ५३ करोड बजेट उपलब्ध गराउने निर्णय गरेको छ । पहिलो चरणअन्तर्गत चालु आर्थिक वर्ष २०८२-८३ मा १० करोड ७६ लाख ६१ हजार लागत अनुमान स्वीकृत भई बोलपत्र आह्वान प्रक्रिया अघि बढिसकेको विकास प्राधिकरणले जनाएको छ ।

सो रंगशाला निर्माणका लागि अर्जुन, मार्क, प्रदीप जेभी बनस्थली काठमाडौँसँग भ्याटसहित आठ करोड ५२ लाख ३२ हजार ४९३ ठेक्का सम्झौता भएको र तीन करोड प्रदेश सरकारबाट बजेट विनियोजन भइसकेको प्राधिकरणले बताएको छ ।

लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८१ फागुन ६ गतेको निर्णयअनुसार आयोजना कार्यान्वयनका लागि युवा तथा खेलकुद मन्त्रालयबाट प्रदेश पूर्वाधार विकास प्राधिकरणमा हस्तान्तरण गरेको इञ्जिनियर सुवेदीले जानकारी दिए ।

प्रदेशस्तरीय खेलकुद क्षेत्रको विकास आयोजना कार्यान्वयनका क्रममा कर्णेल उजिरसिंह थापा रंगशाला हाताभित्र करिब २० हजार दर्शकले खेल हेर्न मिल्नेगरी सुबिधासम्पन्न फुटबल मैदानसहित बहुउद्देयीय खेल मैदान, भलिबल कोर्ट, 'एथ्लेटिक ट्रेक', 'एक्वाटिक सेन्टर', 'स्विमिङ पुल', चमेनागृह, पार्किङ स्थल, सानो बाल उद्यानलगायत संरचना निर्माण हुनेछन् ।

यसैगरी, रंगशाला प्रवेशका लागि चार वटा प्रवेशद्वार, आपतकालीन द्वार, चारैतर्फ १२ देखि २० हजार दर्शक अट्ने क्षमताको आधुनिक 'प्याराफिट' निर्माण गर्नेगरी डिजाइन गरिएको इञ्जिनियर सुवेदीले जानकारी दिए ।

स्थानीय जनप्रतिनिधि ध्रुव थापाका अनुसार बुटवल उपमहानगरपालिकाले जबई खेल मैदानमा केही संरचना निर्माण गरी क्षेत्रीय, जिल्ला तथा स्थानीयस्तरका विभिन्न खेल प्रतियोगिता सञ्चालन गर्दै आएकामा तीनै तहका सरकारको सहयोग र सहकार्यमा अब सुबिधासम्पन्न रंगशाला निर्माण हुने भएको छ । सो रंगशाला निर्माण गर्न लुम्बिनी प्रदेश सरकारले बर्सेनि बजेट व्यवस्था गर्दै आएपनि खेल मैदान हाताभित्र रहेका केही रुख कटान गर्ने क्रममा 'वन कार्यालय' ले अवरोध सिर्जना गरेपछि विनियोजित रकम फ्रिज हुनासाथ चिन्तित बनेका स्थानीयबासी अहिले खुसी देखिएको जनप्रतिनिधि थापाले बताए । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलको विशेष पहलमा 'वन' को समस्यासहित देखिएका तमाम अड्चनहरू समाधान भएसँगै स्थानीय भूपू सैनिक, युवा तथा खेलाडी र आमसर्वसाधारण वर्षौंदेखि उठाउँदै आएको माग पूरा भएकामा स्थानीयवासी हर्षित भएको भूपू सैनिक जबई स्पोर्टिङ क्लबका अध्यक्षसमेत रहेका स्थानीय अगुवा गोपिराम पुन बताउँछन् ।

साथै उनले खेल प्रेमीसहित स्थानीयवासीको तर्फबाट सरकारलाई धन्यवाद दिँदै क्लबका अध्यक्ष पुनले भने, "आव २०७६/७७ देखि रङ्गशाला बन्ने क्रममा रहे पनि वनको अवरोधसहित विभिन्न समस्याका कारण रोकिएको काम अब अघि बढ्ने भएको छ। दुई चरणमा बजेट व्यवस्थासहित रंगशाला बन्ने सुनिश्चित भएकामा हामी हर्षित छौं । रंगशालामा निर्माण हुने संरचनाको बिस्तृत 'डिजाइन' तयार भइसकेकाले अब द्रुतगतिमा काम अघि बढ्ने विश्वास लिएका छौं । रंगशाला निर्माण प्रक्रियालाई अघि बढाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने उपप्रधानमन्त्री पौडेलसहित प्रदेश सरकार र स्थानीय तहप्रति आभारी छौं ।"

'वन प्रशासन' ले वन क्षेत्र प्रयोग गर्न गत असोज १८ गते प्रदान गरेको अनुमति अनुसार रंगशाला निर्माणसहित यसक्षेत्रका महत्त्वपूर्ण विकास आयोजनालाई काम गर्ने बाटो खुलेको थियो । अहिले सो रंगशाला 'डिपिआर' अनुसार काम गर्ने जिम्मा प्रदेश सरकार मातहतको प्रदेश पूर्वाधार विकास प्राधिकरणले पाएको छ । प्राधिकरणले रंगशाला क्षेत्रको 'साइट' मा समन्वय गर्न उद्देश्यले विमला श्रेष्ठको नेतृत्वमा टोली परिचालन गरेको इञ्जिनियर सुवेदीले जानकारी दिए ।

सो रंगशाला निर्माणका क्रममा आवश्यक सहजीकरण गर्ने रूपन्देही जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले गत शनिबार 'जबई खेलमैदान क्षेत्र' को प्राविधिक टोलीसहित निरिक्षण गर्दै गुरुयोजनाअनुसारको बहुउद्देश्यीय रङ्गशाला निर्माणको कामअघि बढिसकेको बताए । स्थानीयबासी र खेलकुदप्रेमीको भावना र चाहनाबमोजिम आफ्नै निर्वाचन क्षेत्रभित्र प्रदेश सरकारको सहयोगमा आधुनिक एवं सुबिधासम्पन्न रंगशाला बन्न लागेकामा खुसी व्यक्त गर्दै उनले निर्माणाधीन कामको निगरानीसहित गुणस्तरमा ध्यान दिन सम्बद्ध सबैसँग अनुरोध गरे ।

उनले वन क्षेत्रको अनुमति, बजेट विनियोजन, मन्त्रालय हस्तान्तरण र पूर्वाधार विकास प्राधिकरणलाई अधिकार प्रदानगरी परियोजना कार्यान्वयन सुनिश्चित गर्ने काम सम्पन्न भइसकेको अवस्थामा अब निर्माण कार्यमा अरू कुनै व्यवधान नरहेको स्पष्ट गर्दै अर्थमन्त्री पौडेलले स्थानीय जनप्रतिनिधि, नागरिक समाज, स्थानीयबासीको निर्माणको गुणस्तरमा ध्यान जानुपर्नेमा जोड दिए ।

सुरुमा प्रदेश सरकारले १० लाख र उपमहानगरले पाँच लाख गरी रु. १५ लाख विनियोजन गरी रंगशालाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) को कामअघि बढाउन लाग्दा वन क्षेत्रमा उजुरी परी निर्माण प्रक्रिया रोकिएको थियो । बिस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार साढे चार बिघा क्षेत्रफलमा निर्माण हुने भनिएको रङ्गशालाको १५ मिटर जग्गा जितेश्वरी सामुदायिक वनमा पर्ने भएपछि डिपिआर र इआइएको काम पूरा भए पनि जग्गा प्राप्तिको प्रक्रिया रोकिएको थियो ।

जग्गा प्राप्त गर्न नसके पनि प्रदेश सरकारले रंगशाला निर्माण गर्ने भन्दै विगत चार वर्षदेखि नियमित बजेट विनियोजन गर्दै आएको थियो । पछिल्ला चार वर्षमा प्रदेश सरकारले झण्डै रु. २० करोड बजेट यही रंगशालाका नाममा छुट्याउँदै आएपनि बजेट 'फ्रिज' हुने गरेको थियो । सबै पक्षबाट आवश्यक पहलकदमी भएपछि निर्माण प्रक्रिया सम्भव भएको हो भन्दै यसै क्षेत्रका प्रदेशसभा सदस्यसमेत रहेका पूर्वमन्त्री भोजप्रसाद श्रेष्ठले भने, "जेजति उल्झन ब्यहोरियो अब व्यहोर्नु पर्ने छैन, यसक्षेत्रको मुहार फेरिने गरी मैदान बन्नेछ, स्थानीयवासी र खेलप्रेमीको चाहना र भावनाबमोजिम प्रदेश सभासदका हैसियतले सक्दो सहयोग र समन्वय गर्नेँ, रंगशाला बन्ने सुनिश्चित भएपछि अहिले साह्रै खुसी छु ।"

# धानको विकल्पमा कोदो

जितपुर (बुटवल टुडे), १३ साउन- धान खेतीमा समस्या बढ्दै गएपछि कपिलवस्तुको बाणगंगा नगरपालिका-८, मधुवनमा धानको विकल्पको रूपमा कोदो खेतीको परीक्षण सुरु गरिएको छ। सुख्खा मौसम र अनियमित वर्षाका कारण खेतमा पानीको अभाव देखिन थालेपछि वैकल्पिक अन्नबालीको खोजीस्वरूप कोदो खेती परीक्षण थालिएको हो ।



कोदो खेतीको परीक्षणका लागि मधुवनमा २ कठ्ठा क्षेत्रफलमा १०/१० मिटरको ब्लकमा ११ प्रजातिका कोदो रोपिएको छ। कोदोको उत्पादन क्षमता, वातावरणीय सहनशीलता र खेतीको लागि खेतलाई दुई भागमा विभाजन गरिएको छ। एक भागमा प्राङ्गारिक मल (गड्यौला रहेको गोठेको मल) प्रयोग गरिएको छ भने अर्को भागमा रासायनिक मल (युरिया) हालिएको छ। यस प्रयोगबाट कोदो बालीमा मलको प्रभाव मूल्यांकन गरिनेछ, जसले भविष्यमा मलको विकल्पसमेत तय गर्न मद्दत गर्ने कृषि अनुसन्धानविद् डा. मुकुन्द भट्टराईले बताए ।

भट्टराईका अनुसार कोदो सुख्खा र अलि-अलि पानी भएको अवस्थामा समेत उत्पादन गर्न सक्ने भएकाले जलवायु परिवर्तनका कारण असहज बन्दै गएको धान खेतीको उपयुक्त विकल्प बन्न सक्ने उनको भनाइ छ। "केही दिन मात्र पानी नपरे पनि धान सुक्न थालेको देखिन्छ, तर त्यसै समयभित्र कोदो भने हरियालीसाथ बढिरहेको देखिन्छ," डा. भट्टराईले भने। उनका अनुसार कोदोका केही प्रजातिहरू सामान्य वर्षाले पनि सन्तोषजनक उत्पादन दिनसक्ने क्षमता राख्ने उनले बताए ।

परीक्षण कार्यक्रम कृषि आनुवांशिक स्रोत केन्द्र, खुमलटार ललितपुरको समन्वयमा तथा विश्व खाद्य सुरक्षाको आर्थिक एवं प्राविधिक सहयोगमा सञ्चालन गरिएको हो। यसअघि नेपालगञ्जमा सफल परीक्षण गरिसकेका डा. भट्टराईले कपिलवस्तुमा समेत कोदो खेतीले सकारात्मक नतिजा दिने जनाए। उनले कोदो उत्पादनले स्थानीय खाद्य सुरक्षामा उल्लेखनीय योगदान दिन सक्ने भन्दै ग्रामीण जीवनशैलीमा आधारित कृषि प्रणालीलाई बल दिने बताए। सस्तो, पोषिलो र सजिलो उत्पादनका हिसाबले कोदो खेती ग्रामीण क्षेत्रका लागि उपयुक्त बाली बन्नसक्ने उनको भनाइ छ।

# विपत्मा उद्धारका लागि गाउँमा सशस्त्रको वेश क्याम्प स्थापना

गुल्मी (बुटवल टुडे), १३ साउन- विपत्को समयमा उद्धारको लागि गुल्मीको चन्द्रकोटमा सशस्त्र प्रहरीको वेश स्थापना गरिएको छ। बर्षातको समयमा उत्पन्न हुनसक्ने बाढी र पहिरोलाई लक्षित गरि तत्काल उद्धार गर्ने उद्देश्यले चन्द्रकोट गाउँपालिका-८ मजुवामा वेश स्थापना गरिएको हो। जिल्ला सुरक्षा समितिको निर्णय अनुसार सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयको निर्देशनमा सशस्त्र प्रहरी वल ३७ नं. गुल्म गुल्मीद्वारा मजुवामा रहेको मानका टिकाराम बहुमुखी क्याम्पसमा मनसुन प्रतिकार्य वेश स्थापना गरिएको सशस्त्र प्रहरी नायव उपरीक्षक सुदिप पछाईले जानकारी दिएका छन् । सशस्त्र प्रहरी नायव निरीक्षक टोप बहादुर कुमालको कमाण्डमा २० जनाको टोली वेशमा खटिएको पछाईले बताए ।



सशस्त्रको वेशमा बिपत् व्यवस्थापन सम्बन्धी तालिम प्राप्त जनशक्ति परिचालन गरिएको छ। प्रहरी नायव उपरीक्षक सुदिप पछाईले गोताखोर परिचालन गर्नु पर्ने अवस्थामा तत्काल जनशक्ति आवश्यक परेको खण्डमा सशस्त्रको ५ नं. विध्यावाहिनी मुख्यालयले पठाउने गरी समन्वय भएको बताईएको छ।

जिल्ला सदरमुकामदेखि टाढा रहेको निर्वाचन क्षेत्र नं. १ का बस्तीहरूमा हुने विपत्लाई केन्द्रमा राखेर वेश स्थापना गरिएको हो। बाढी र पहिरोको उच्च जोखिममा रहेका मुसिकोट, गुल्मीदरबार, छत्रकोट, रुरुक्षेत्र, सत्यवती, चन्द्रकोट लगायतका बडिगाड खोला किनारका वस्तीहरूमा तत्काल उद्धारको लागि सशस्त्रको वेश उपयुक्त देखिएको सशस्त्र प्रहरी नायव उपरीक्षक पछाईले बताए। उनले अहिले पनि आफ्नो टोलीले कार्यक्षेत्रमा अवरुद्ध सडक सञ्चालनको लागि काम गरिरहेको जानकारी दिए।

जिल्ला प्रशासन कार्यालय गुल्मीका निमित्त प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरका अनुसार जिल्लामा तत्काल अवरुद्ध सडक सञ्चालन, बाढी र पहिरोको जोखिम स्थान पहिचान र सतर्कता लगायतका कामका लागि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्रको टोलीलाई तैयारी अवस्थामा राखिएको बताएका छन। गुल्मीको जिल्ला बिपत् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२ अनुसार जिल्लाका दुई सय भन्दा धेरै ठाउँहरु बाढी र पहिरोको जोखिममा रहेका छन् । वर्षातको समयमा जिल्लामा यस पटक २२ हजार नागरिक प्रभावित हुने अनुमान जिल्ला विपद् व्यवस्थापन समिति गुल्मीले गरेको छ।

# मणिमुकुन्द सेन उद्यानमा साढे ५ लाख पर्यटक

बुटवल (बुटवल टुडे), १३ साउन- बुटवलको ऐतिहासिक पर्यटकीय स्थल मणिमुकुन्द सेन उद्यान संरक्षण समितिमा भित्रने पर्यटकमध्ये भारतीय नागरिकको संख्या बढि देखिएको छ। इतिहास, संस्कृति र प्रकृतिसँगै समेटिएको बुटवल-२, फूलबारीस्थित मणिमुकुन्द सेन उद्यानमा आर्थिक वर्ष २०८१/०८२ मा ५ लाख ४७ हजार १ सय ९९ जना पर्यटकले भ्रमण गरेका मध्ये ७४ हजार ५ सय ९२ जना भारतीय नागरिक रहेका छन। यसमा ७१ हजार ६ सय ९५ जना विद्यार्थी रहेका छन् ।



उद्यान परिसरमा मंगलबार वार्षिक समीक्षा तथा आगामी योजनाबारे जानकारी दिन आयोजना गरिएको पत्रकार सम्मेलनमा समितिका अध्यक्ष माधव प्रसाद नेपालले अध्ययन केन्द्रका रूपमा उद्यानलाई विकास गर्ने योजना रहेको बताए। बिगतका वर्षहरूमा भन्दा भारतीय पर्यटकहरू तथा अध्ययन अवलोकन गर्न आउने विद्यार्थीहरूको संख्या बढ्दै गएको हुँदा पनि यसमा आफूहरूले जोड दिएको उनले बताए। 'केही विद्यार्थीहरूले आफ्नो उच्च शिक्षा अध्ययनका क्रममा उद्यान सम्बन्धी शोधपत्रहरू समेत तयार गर्न डाटा संकलनका लागि आउने गरेका छन,'- उनले भने। उद्यानमा रहेको सेनवंशिय भग्नावशेष दरबारलाई संरक्षणसँगै दरबार संग्राहलय निर्माणको लागि यो वर्ष ३ करोड बजेट संघ सरकारबाट बिनियोजन भएको उनले बताए। यसैगरि उद्यानलाई सांस्कृतिक केन्द्र, रिसर्च सेन्टर तथा पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्ने स्पष्ट खाका तयार गरेको उनले बताए। उद्यानमा नर्सरी उत्पादनलाई व्यवसायिक बनाउँदै, दरबार क्षेत्रको संरक्षण, बगैंचा सौन्दर्यीकरण, नयाँ सेल्फी जोन, ट्रि रेष्टुरेन्ट, सिसाको पुल, जिपलाइनजस्ता संरचनाहरू निर्माणको समेत अध्ययन र तयारी भैरहेको उनले बताए। मुनामदन बगैंचाको सौन्दर्यीकरण, बुटिक गार्डेनको अवधारणा, एक्युरियम, डिजिटल सूचना केन्द्र, राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा मिडिया सहकार्य तथा रिसर्च फेलोसिप कार्यक्रम सञ्चालन जस्ता योजना अघि सारेको उनले बताए ।

कार्यक्रममा महासचिव युवराज घिमिरेले समितिबाट स्थानीय, प्रदेश र संघीय तीनै तहका सरकारसँग सहकार्यमा संरचनागत विकास गरिरहेको बताए। पर्याप्त बजेट अभाव, सामुदायिक वनसँग कानुनी जटिलता, प्राविधिक जनशक्ति र पानीको आपूर्तिमा चुनौतीका विषय भएको उनले बताए ।

गत वर्ष उद्यानको आम्दानी ४ करोड ६ लाख रूपैयाँ तथा खर्च ३ करोड ९६ लाख रूपैयाँ भएको समितिका कोषाध्यक्ष मिलेन्द्र श्रेष्ठले बताए। यसैगरि मनोरञ्जन कर, आयकर र अन्य कर शीर्षकमा ४७ लाख रूपैयाँ भन्दा बढी भुक्तानी गरिएको उनले बताए ।

उद्यानमा अहिले १६ जना स्थायी तथा करार र २० जना दैनिक ज्यालादारी गरी ३६ जना प्रत्यक्ष रोजगारीमा छन् भने सटर, बाल उद्यान र अन्य सेवा सञ्चालनमार्फत झण्डै १५० जना परोक्ष रोजगारी सृजना भएको समितिका कोषाध्यक्ष मिलेन्द्र श्रेष्ठले बताए। मणिमुकुन्द सेन उद्यानलाई थप व्यवस्थित, शिक्षामैत्री र अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा अघि बढाउन संयुक्त कार्ययोजना र सांस्कृतिक प्रदर्शन कार्यक्रमहरू आवश्यक रहेको पत्रकारहरूको कार्यक्रममा सुझाव दिए।

# साईनो केन्द्रमा हेपाटाइटिस जनचेतना

बुटवल (बुटवल टुडे) १३ साउन- विश्व हेपाटाइटिस दिवस २०२५ को अवसरमा साईनो केन्द्र रूपन्देहीमा 'हेपाटाइटिस जनचेतना तथा स्क्रिनिङ कार्यक्रम' गरिएको छ। रोटरी ई क्लब अफ मेडिको फ्युजन हाईब्रिड नेपालको आयोजनामा साईनो केन्द्रमा रहेका ५० जनाको हेपाटाइटिस बी स्क्रिनिङ, अल्ट्रासाउन्ड परीक्षण गरिएको हो। कार्यक्रममा क्लबका वर्ष २०२५/२०२६ का अध्यक्ष डा.मन्जु गुभाजुले रोटरीको मुलमन्त्रलाई आत्मसात गरेर आफूहरू स्वास्थ्य क्षेत्रलाई प्राथमिकता राखेको बताईन। सचेतनामुलक प्रारम्भिक परीक्षण र खोप मार्फत हेपाटाइटिसको नियन्त्रणमा सशक्त भूमिका खेल्ने लक्ष्यसहित कार्यक्रम गरिएको भन्दै परिक्षणबाट आएको रिपोर्टको आधारमा थप उपचार र खोपको तयारीसमेत भएको उनले बताइन् ।




# लायन्स कपिलवस्तुले दियो ह्वीलचियर र पोषणयुक्त खाद्यान्न



बुटवल (बुटवल टुडे), १३ साउन- लायन्स क्लव अफ कपिलवस्तुको आयोजनामा ह्वीलचियर प्रदान गरिएको छ। मंगलबार बाणगंगा नगरपालिका वडा नम्बर-११ ओदारी कपिलवस्तुमा एक कार्यक्रमको आयोजना गरी ह्वीलचियर प्रदान गरिएको कार्यक्रम संयोजक महेन्द्र भुषालले जनाकारी दिए। कार्यक्रममा जोन २२ का जोन चियर पर्सन ओम प्रकाश घिमिरे, क्लबका अध्यक्ष नारायण प्रसाद पौडेल, सचिव सुदिप भट्टराई लगायतको सहभागितामा लियो क्लव अफ कपिलवस्तुका पिआरो सविन रणापालकी हजुर आमा शारीरिक रूपमा अशक्त भएको कारण ह्वीलचियर प्रदान गरिएको हो।

## ट्वाइलेट सफा गराउनु परेमा

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामिलाई सम्पर्क गर्नुहोला ।

गगन सेनेटरी, बुटवल-८, सुख्खानगर रुपन्देही
फोन: ९८६७०२१६१४, ९८१५४४७६४८
९८०४४१३२८७, ९८१६४६४१७२

## ट्वाइलेट सफा गराउनुहोस्

सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एक पटक सेवा गर्ने मौका दिनुहोस् ।

पाल्पाली मगर सम सेनेटरी
बुटवल-१७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

## ट्वाईलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस् र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिईने छ।

तिनाउ सेनेटरी
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।
बुटवल-१० सुखानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३




## सम्पति विवरण बुझाऔं

- सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्बन्धित निकायमा सम्पति विवरण बुझाइसक्नु पर्छ,
- राजिनामा वा अनिवार्य अवकास भई सेवा निवृत हुनेले समेत सेवा निवृत्त हुने आ.व. सम्मको सम्पति विवरण बुझाउनु पर्छ,
- प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफू कार्यरत कार्यालयमार्फत सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पति विवरण बुझाउनु पर्छ,
- करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पति विवरण बुझाउनु पर्छ,
- सम्पति विवरण बुझाउने दायित्व सम्बन्धित व्यक्तिको हो,
- समयमा सम्पति विवरण नबुझाउनेलाई कानून बमोजिम जरिवाना हुन्छ ।

"त्यसैले समयमै सम्पति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

बुटवल पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित प्रधान कार्यालयः बुटवल-६, तिलोत्तमा पथ, रूपन्देही, फोनः ०७१-५५४६४०, ५५४६४२, इमेलः newsbutwaltoday@gmail.com (Paper News), addbutwaltoday@gmail.com (Advt.), ebutwaltoday@gmail.com(online news)
अध्यक्षः हरि प्रसाद पौडेल, प्रबन्ध संचालक/प्रबन्ध सम्पादक : नवराज कुँवर, सम्पादकः कृष्ण मल्ल, मुद्रणः पश्चिमाञ्चल सञ्चार गृह (प्रा.) लि.